सङ्घीय कानुन नबन्दा स्थानीय तहले ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १०० • २०८० साल भाद्र ११ गते सोमबार (28 August, Monday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।–

### मधेशमा मात्रिका र गिरिराजमणिको 'वार'

# माओवादी केन्द्रले तीन महिने अभियान सञ्चालन गर्दै



दुवै सह-महासचिवका आन्तरिक विवादका कारण माओवादी केन्द्रले आठौं महाधिवेशन सकिएको एक वर्ष आठ महिनासम्म पनि मधेश प्रदेश कमिटी गठन गर्न सकेको छैन ।



**टुडे समाचारदाता**

काठमाण्डु। माओवादी केन्द्रका दुई सह-महासचिव मात्रिकाप्रसाद यादव र गिरिराज मणि पोखरेलबीच वारपारको विवाद रहेकै बेला माओवादी केन्द्रले मधेशमा तीन महिने अभियान सञ्चालनमा जुट्न निर्देशन दिएको छ । दुवै सह-महासचिवका आन्तरिक विवादका कारण माओवादी केन्द्रले आठौं महाधिवेशन सकिएको एक वर्ष आठ महिनासम्म पनि मधेश प्रदेश कमिटी गठन गर्न सकेको छैन ।

अधिवेशनबाट ९ जना पदाधिकारीसहित २७१ जनाको प्रदेश समिति चयन गर्नुपर्ने हुन्छ। उक्त समितिमा १ अध्यक्ष, ३ उपाध्यक्ष, १ सचिव, ३ सहसचिव, १ कोषाध्यक्ष र बाँकी सदस्य रहने प्रावधान थियो ।

पार्टीमा आन्तरिक विवाद उत्कर्षमा पुगेपछि केन्द्रले नै हस्तक्षेप गर्नुपरेको थियो। विवाद मिलाउनका लागि अध्यक्ष पुष्पकमल दाहाल र वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पहल गरेका थिए। सहमति पश्चात् पुस ३ मा सर्लाहीको लालबन्दीमा बस्ने भनिएको बन्दसत्र बस्दै नबसी स्थगित भयो। ६ वटा भौगोलिक र तीन वटा गैर भौगोलिक प्रदेश रहेको माओवादी केन्द्रमा मधेश प्रदेशबाहेक सबै प्रदेशमा कमिटी गठन भइसकेको छ।

माओवादी केन्द्रको प्रभावशाली नेता रहेका मात्रिका यादव र गिरिराजमणि पोखरेल मधेश प्रदेशमा मात्र नभइ राष्ट्रियस्तरमै स्थापित नेता छन् । यादव १० वर्ष जनयुद्ध लडेर आएका नेता छन् । पोखरेल माओवादी शान्ति प्रक्रियामा आएपछि २०६५ मा एकता केन्द्रबाट आएका नेता छन्।

यी दुई नेताबीच मधेश राजनीतिमा आफ्नो प्रभाव जमाउने होडबाजी र शक्ति संघर्षका कारण पार्टी कमजोर भएको एक केन्द्रीय सदस्यले बताए । दुई वर्षअघि नै अधिवेशनबाट कमिटी गठन गर्ने प्रयास भए पनि आन्तरिक विवादका कारण असफल भएको ती नेताले स्वीकारे।

'त्यतिबेलै हामीले कि निर्वाचन, कि त सर्वसम्मत रूपमा कमिटी गठन गरौं भनेर नेतृत्वलाई सुझाव दिएका थियौं। न निर्वाचन भयो, न त सर्वसम्मत कमिटी गठन भयो। आन्तरिक विवादका कारण डेडलक त्यत्तिकै रह्यो', उनले भने, 'हारे पनि जिते पनि पार्टीकै हो । डेडलक बनाएर राख्न भएन । अब नयाँ इन्चार्ज आउनुभएको छ। डेडलक खोल्नुहुन्छ भन्ने आशा छ।'

विवाद यति चर्किएको कि गतवर्ष स्थानीय तहको निर्वाचनका लागि प्रशिक्षण कार्यक्रममा भाग लिन प्रचण्ड र नारायणकाजी श्रेष्ठ जनकपुरधाम पुग्दा मात्रिका यादवले कार्यक्रम बहिष्कार गरे । प्रशिक्षण कार्यक्रममा श्रेष्ठ सहभागी भएकोमा असन्तुष्टि जनाउँदै यादवले कार्यक्रम बहिष्कार गरेका थिए।

पोखरेल शिक्षामन्त्री हुँदा धनुषामा रहेको सहिद रामवृक्ष यादवको शालिक हटाएर निर्मल लामाको शालिक राख्न लागेको अरोप लगाउँदै आठौं महाधिवेशनमा पोखरेलमाथि कारबाही गर्न सत्यनारायण भगत समूहले माग गरेको थियो । बन्दसत्रमा आफूमाथि कारबाहीको माग गरेपछि अध्यक्षमण्डलमा रहेका पोखरेलसहितका नेताहरूले बन्दसत्र नै बहिष्कार गरेपछि हंगामा भएको थियो।

विवाद सुल्झाउन स्थायी कमिटी बैठकले हस्तक्षेप गर्नुपरेको थियो । दुई नेताबीचको शक्ति संघर्षका कारण २०७८ फागुन २३ मा बसेको माओवादी स्थायी कमिटी बैठकले मध्यस्तताका लागि गणेश साहलाई मधेशको इन्चार्ज बनायो। साह इन्चार्ज भएर गएपछि विवाद मिलाएर अधिवेशन गर्ने प्रयास गरे पनि असफल भए।

डेढ वर्ष इन्चार्ज भएका उनलाई राजधानीमा साउन(१७-२१) मा बसेको बैठकले बिदा दियो । लीलामणि पोखरेलले नयाँ इन्चार्जको जिम्मेवारी पाएका छन्। आन्तरिक विवाद काबुबाहिर गएकाले आफूले विवाद मिलाउन नसकेको साहले स्वीकारे। विगतमा विवाद भए पनि केन्द्रीय समितिको निर्णयपछि विगतको जस्तो स्थिति नरहेको उनको जिकिर छ।

'मधेश कमिटी गठन नहुनुमा आन्तरिक र बाह्य फ्याक्टरको प्रभाव थियो । म इन्चार्ज भएर जाँदा आन्तरिक विवाद काबुबाहिर रहेकाले पार्टी नेतृत्वबाहेक अन्यले मिलाउन सक्ने स्थिति थिएन', उनले भने, 'आन्तरिक विवादकाबीच मलाई पार्टीले मधेशको इन्चार्ज बनाएर पठाएको हो । मैले विवाद सुल्झाएर मधेश कमिटी गठन गर्न निकै प्रयास गरेँ तर सकिएन। मधेश विशेष प्रदेशजस्तै भयो । त्यहाँ विशेष तरिकाले चल्छ।'

भदौ १६ देखि ७५३ वटै पालिकामा 'जनतासँग माओवादी विशेष रूपान्तरण' तीन महिने अभियान सञ्चालनका लागि आन्तरिक तयारीमा माओवादी केन्द्र व्यस्त छ। केन्द्रीय पदाधिकारीदेखि पालिका इन्चार्जसमेत फेरबदल भइसकेको छ । विगतमा आफ्नै क्षेत्रको इन्चार्ज बनाए पठाउँदा उत्कृष्ट नतिजा ल्याउन नसकेको निष्कर्ष निकाल्दै योपटक अन्तरजिल्ला हेर्ने गरी नेताहरूको जिम्मेवारी हेरफेर गरेको छ।

नेताहरूको कार्यविभाजन सबै प्रदेशमा टुङ्गिए पनि मधेश प्रदेशमा टुङ्गिएको छैन । 'कार्यविभाजनको खाका तयार भइसकेको छ। अभियान अवधिभर आन्तरिक विवाद बाहिर नल्याउने समझदारी भइसकेको छ । अब हामी एकताबद्ध भएर अभियान सफल बनाउन लाग्छौं।'

उनले अभियानपछि मात्र मधेश कमिटी गठन गर्ने जानकारी दिँदै अभियान अवधिभर कुनै विवाद आए आपसी समझदारीमा समस्याको हल गर्ने बताए। अर्का नेता विश्वनाथ साहले केन्द्रीय समितिको बैठकपछि पार्टी एकताबद्ध भएको जानकारी दिँदै पुराना अन्तरविरोधका कुरा बाहिर नल्याउने सहमति भएको जिकिर गरे । 'सहिद रामवृक्ष यादवको शालिक व्यवस्थापनको विषयमा मात्रिकाजी र गिरिराजजीबीच अन्तरसंघर्ष चलेको थियो। आपसी सहमतिमै ती विषय अहिले हल भइसकेको छ। अहिले आन्तरिक विवाद केही छैन', उनले भने।

दुई नेताबीच देखिएको आन्तरिक द्वन्द्वका कारण मधेश प्रदेशमा पार्टी निकै कमजोर भएको छ । गएको स्थानीय तह निर्वाचनमा मधेशका १३६ पालिकामध्ये माओवादीले ९९ स्थानमा एकल उम्मेदवारी दिएको थियो । तीमध्ये जम्मा ७ पालिका प्रमुख मात्रै माओवादीले जित्यो । गठबन्धन गरेको स्थानमा थप २ पालिका जित्यो । अघिल्लो निर्वाचनमा माओवादी एक्लैले २१ पालिका जितेको थियो।

त्यस्तै प्रदेश सभामा माओवादी केन्द्रले प्रत्यक्ष र समानुपातिक गरी चार/चार सिटमात्र जित्न सफल भयो । संघमा पाँच दलीय गठबन्धनको कोटाबाट मधेश प्रदेशमा ७ सिट पाएको माओवादी केन्द्रले ६ सिटमा उम्मेदवारी दिए पनि एक सिट पनि जित्न सकेन । माओवादी केन्द्रको चिह्नबाट चुनाव लडेको नेपाल समाजवादी पार्टीको उम्मेदवार महेन्द्रराय यादवले मात्र चुनाव जित्न सफल भए। मधेशमा नेसपाले मात्र माओवादीको साख जोगायो । अघिल्ला निर्वाचनमा महोत्तरी-१ बाट लगातार चुनाव जित्दै आएका पोखरेलले आन्तरिक विवादकै कारण पराजित भए । २०७४ को निर्वाचनमा माओवादीले सिरहा-२, धनुषा-१, महोत्तरी-१, सर्लाही-३ र रौतहट-३ मा जित हात पारेको थियो।

## गौ हत्यारालाई कारवाहीको माग गर्दै गृहमन्त्रीको विरोध

**टुडे समाचारदाता**

वीरगञ्ज। सुनसरीको धरानमा गौ हत्या गरेको भिडियो सार्वजनिक रुपमा सामाजिक सञ्जालमा राखेपनि कारवाही नगरिएको भन्दै स्थानीय युवाहरुले वीरगञ्जमा गृहमन्त्री नारायणकाजी श्रेष्ठको विरोध गरेका छन्।

वीरगञ्जमा आइतबार बिहान गृहमन्त्री श्रेष्ठ विभिन्न कार्यक्रममा सहभागी हुन पुगेका थिए । तर, धरानमा भएको घटनाले हिन्दुहरुको आस्थामाथि प्रहार गरे पनि सरकार चुपचाप बसेको भन्दै उनीहरुले विरोध प्रदर्शन गरेका थिए। जिल्ला प्रशासन कार्यालय पर्साको भवन उद्घाटनका क्रममा गृहमन्त्रीको विरोधमा उत्रेका युवाहरुले प्रदर्शन गर्दै सरकार र उनी विरुद्ध नाराबाजी गरेका थिए।

हिन्दुबादी संघ संस्थाले शनिवार धरानमा पुगेर विरोध प्रदर्शन कार्यक्रम राख्दा स्थानीय प्रशासनले कर्फ्यु जारी गरेका थिए । तर, यस बिषयमा सरकारको आधिकारीक धारणा नआएको मात्र आपसी सद्भाव नखलवलिन दिउ भनि हिन्दुहरुको आस्था संग खेलवाड गरेको भन्दै उनीहरु विरोधमा उत्रेका थिए । सरकारले धरानमा गौ हत्या गर्नेहरुलाई कारबाही गर्न ढिलाइ गरेको भन्दै वीरगञ्जका युवाहरुले सरकार र गृहमन्त्री श्रेष्ठ विरुद्ध चर्को नाराबाजी गर्दै प्रदर्शन गरेका थिए।

युवाहरुले गौ हत्या गर्नेहरुलाई फाँसी दे, गृहमन्त्री राजीनामा दे लगायतका नारा समेत लगाएका थिए। केही समय तनावपूर्ण बनेको अवस्थालाई प्रहरीले नियन्त्रण गर्दै प्रदर्शनमा सहभागी पाँच जना युवालाइ नियन्त्रणमा लिएका थिए।

पक्राउ पर्नेहरुमा वीरगञ्ज १० का मुन्ना कुमार साह , वीरगञ्ज १ का विशाल कुमार , वीरगञ्ज ८ का राज गुप्ता र वीरगञ्ज ५ का प्रज्वल डंगोल रहेका थिए। पक्राउ गरेका सबैलाई दिउँसो छाडिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।


आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं।

लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



रोकथामका उपायहरु

भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ। त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन। यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ। स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं।

सबैला नगरपालिका
सबैला, धनुषा, मधेश प्रदेश, नेपाल





'जनमन सँ जनजन धरि'

रेडियो टुडे ९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा
अहाँक सँग




सुझाव आ प्रतिकृयाकSलेल
०४१-५२७५९१, ५२३८६७

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# अध्यक्ष कार्की एमालेमा फर्किए



**टुडे समाचारदाता**

सर्लाही । नेकपा एकीकृत समाजवादी पार्टीका हरिवन नगर कमिटी अध्यक्ष सुकदेव कार्की आइतबार नेकपा एमालेमा फर्केका छन्।

कार्कीलाई एमालेका नेताहरूले अविर र खादा लगाएर पार्टीमा स्वागत गरेका छन् । एमाले नेताहरु डिल्ली प्रसाद उप्रेती, विदुर प्याकुरेल, राजकुमार उप्रेती, चूडामणि वाग्लेलगायतले कार्कीलाई पार्टीमा प्रवेश गराएका छन् ।

पूर्व मधेश प्रदेश सभा सदस्य डिल्ली प्रसाद उप्रेती पनि केही दिनअघि मात्रै समाजवादी त्यागेर एमालेमा फर्किएका थिए ।

# भाषा तथा साहित्य पुरस्कारका लागि १० कृति छानिए

**टुडे समाचारदाता**

सर्लाही । लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार-०८० का लागि छनोट भएका १० कृतिको नाम लालबन्दी नगर वाङ्मय परिषद्ले सार्वजनिक गरेको छ ।

भाषा, कला, साहित्य, संगीत तथा संस्कृतिको संरक्षणका लागि स्थापित परिषद्ले पुरस्कारका लागि छनोट गरेको सूची आइतबार सार्वजनिक गरेको छ ।

स्वतन्त्र विज्ञहरूसहितको सम्मान तथा पुरस्कार छनोट समितिको सिफारिसमा रञ्जना निरौलाको 'अनुभूतिको अवतरण', सिम्रन क्षेत्रीको 'भुमर', दामोदर पुडासैनी किशोरको 'डोल्पो ओ डोल्पो', रमेश क्षितिजको 'पर्वत पर्वतमा बटुवा घाम', सन्तोष श्रेष्ठको ' फरैना', रामलाल जोशीको 'बाआमा', प्रोल्लास सिन्धुलीयको 'भग्न भैरव', युवराज नयाँघरेको 'याकजी', विदुर चालिसेको 'लघुकथालय' र अशोक थापाको 'सन्तापको धून' परेको परिषद्ले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

वाङ्मय परिषद्लाई प्राप्त १४५ कृतिमध्ये सम्मान तथा पुरस्कार छनोट समितिले छनोट गरी सूचीकृत गरेका १० कृतिमध्ये उत्कृष्ट एक कृतिलाई वाङ्मय परिषद्ले पुरस्कृत गर्ने बताएको छ ।

सम्मान तथा पुरस्कार छनोट समितिले १० कृतिमध्ये पुनः एक उत्कृष्ट कृति सिफारिस गरेपछि उक्त कृतिलाई 'लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार-०८०' प्रदान गरिने जनाइएको छ । पुरस्कारको राशि ५० हजार रुपैयाँ रहेको छ ।

# जनसंख्या कम भएकोमा चिन्ता




**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको ब्रहम्पुरी गाउपालिकामा जनसंख्या ३४ हजार ६ सय २५ बाट घटेर २८ हजार ५ सय ७ मा झरेकोमा चिन्ता व्यक्त गरिएको छ ।

सर्लाहीका अरु पालिकाहरुको जनसंख्या दिनानुदिन वृद्धि भएको अवस्थामा ब्रहम्पुरी गाउपालिकाको जनसंख्या बढ्नुको साटो केही वर्षको अन्तरालमा ६ हजार १ सय १८ जनाको हिसाबले घटेको छ । एकै चोटी हजारौको संख्यामा जनसंख्या घटेर जानु चिन्ताको विषय रहेको धारणा व्यक्त गरिएको छ ।

आइतबार ब्रहम्पुरी गाउपालिकाको नोकैल्वामा नवनिर्मित स्वास्थ्य संस्था बर्थिगं सेन्टरको उदघाटनका अवसरमा उक्त चिन्ता व्यक्त गरिएको छ ।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंह र प्रदेश सभा सदस्यद्धय जंगीलाल राय, कौशल किशोर राय सहभागी भएको कार्यक्रममा वक्ताहरुलेउक्त समस्याप्रति सरकारको ध्यानाकर्षण गराएका थिए ।

गाउपालिका अध्यक्ष रामपदारथ साहको अध्यक्षतामा भएको कार्यक्रममा प्रशासकीय अधिकृत उपेन्द्र राउतले गाउँपालिकाको समस्या अवगत गराएका थिए ।

बर्थिंग सेन्टरबाट ७० प्रतिशत महिलाहरुको स्वास्थ्य समस्या समाधान हुने गा.पा. अध्यक्ष साहले बताए । मधेश प्रदेशका सर्लाही जिल्लामा जनताको आधारभुत आवश्यकता स्वास्थ्य सेवा पछाडी परेकाले यसलाई सुधार गर्न स्वास्थ्य मन्त्री सिंहलाई गा.पा. अध्यक्ष साहले आग्रह समेत गरे ।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंहले भने आफू यसै जिल्लाबाट निर्वाचित भएर मन्त्री बनेकाले स्वास्थ्य सेवालाई चुस्तदुरुस्त बनाउन आफूले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे ।

# एक अर्ब जनसङ्ख्याका लागि पानीको स्रोत नेपाल : मन्त्री डा महत




काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालले कूल क्षेत्रफलको ४५ प्रतिशत वन संरक्षण गरी समग्र मानव समुदायका लागि स्वच्छ अक्सिजन प्रवाह गरेको बताउनुभएको छ ।

विश्व वातावरण कोषको ७औं एसेम्बली बैठकलाई सम्बोधन गर्दै अर्थमन्त्री डा महतले दक्षिण एसियाका एक अर्ब भन्दा बढी जनसङ्ख्याको लागि पानीको स्रोत नेपाल रहेको विषयबारे विश्व समुदायको ध्यानाकर्षण गराउनुभयो । उहाँले नेपालले जैविक विविधता तथा वातावरण संरक्षणमा इमान्दार प्रयास गरिरहेको उल्लेख गर्दै दुर्लभ तथा सङ्कटापन्न जङ्गली जनावर तथा प्रजातीको संरक्षण गरेको र सोको नतिजास्वरुप बाघ तथा गैंडाको सङ्ख्यामा उल्लेख्य रूपमा वृद्धि भएको बताउनुभयो ।

वन तथा वन्यजन्य सम्पदा नेपालका लागि मात्र नभइ विश्व मानव समुदायकै साझा सम्पदाको रुपमा रहेको मन्त्री डा महतको भनाइ थियो । यी प्रयासका बाबजुत जलवायु परिवर्तनका दृष्टिकोणले नेपाल विश्वको १० औं उच्च जोखिमयुक्त मुलुकमा परेको र पछिल्ला दिनमा बाढीपहिरो अतिवृष्टि सुख्खा साथै हिमताल विस्फोटको जोखिमसमेत बढेको उहाँले बताउनुभयो ।

नेपालको तापक्रम सन् २०३० सम्ममा शून्य दशमलब पाँचदेखि दुई डिग्री सेल्सियसले बढ्ने अनुमान रहेको र यसबाट हुने असर तथा प्रभावसँग सामना गर्न सन् २०५० सम्ममा करिब ५० अर्ब अमेरिकी डलरभन्दा बढी लगानी आवश्यक रहेको उल्लेख गर्दै मन्त्री डा महतले सहभागीहरुको ध्यानाकर्षण गराउनुभयो ।

मन्त्री डा महतले जलवायू वित्तबाट सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिँदैं यसै एसेम्वलीबाट अनुमोदित विश्व जैविक विविधता खाका कोष लगायतका उपलब्ध सबै स्रोत अति प्रभावित मुलुकमा केन्द्रित गर्न अनुरोध गर्नुभयो । उहाँले जबसम्म एकीकृत र समुच्च रुपमा कार्यक्रम कार्यान्वयन गरिदैंन तबसम्म कोषको आकार मात्र बढाएर खासै प्रभावकारी नहुने धारणा राख्नुभएको थियो ।

जलवायु परिवर्तन जोखिम उच्च भएका देशकोसमेत प्रतिनिधित्व गर्दै मन्त्री डा महतले लगानी आयोजनाको गुणस्तर बढाउन स्थानीय जनताको जीवनस्तरमामा सकारात्मक परिवर्तन ल्याउने गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मानव विकासको क्षेत्रमा महत्वपूर्ण लगानी नगर्दासम्म वातावरणीय दिगोपना हाँसिल हुन समेत नसक्ने बताउनुभयो ।

सो अवसरमा मन्त्री डा महतले वातावरणीय कोषका कार्यक्रम राष्ट्रिय प्रणालीमार्फत कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै आयोजनामा ठोस् तथा पहिचानयुक्त क्रियाकलाप समावेश गर्न र आयोजनाका मुख्य क्रियाकलापमा लगानी केन्द्रित गर्न जोड दिनुभयो । यसैगरी उहाँले जलवायु परिवर्तनको बहुआयामिक असरलाई सम्बोधन गर्न उच्चस्तरको सहकार्य र सबैको योगदान आवश्यक रहेको धारणा राख्नुभयो ।

मन्त्री डा महत विश्व वातावरण सुविधाको ७औं एसेम्वलीको प्लेनरी सेसनबाट उपाध्यक्षमा निर्वाचित हुनुभएको थियो । एसेम्वलीको बैठकमा गणतन्त्र पानामाको प्रस्ताव तथा नेदरल्यान्डको समर्थनमा उहाँ उपाध्यक्षमा निर्वाचित हुनुभएको हो । मन्त्री महतले उपाध्यक्षको हैसियतमा प्लेनरी सेसनको अध्यक्षतासमेत गर्नुभएको थियो ।

यसै क्रममा मन्त्री डा महतले विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्थाका प्रमुख तथा प्रतिनिधिसँग द्विपक्षीय विषयमा छलफल गर्नुभयो । सो अवसरमा विश्व वातावरण सुविधाका प्रमुख कार्यकारी अधिकृत कार्लोस इमान्युल रोड्रिगेजसँग भएको द्विपक्षीय बैठकको क्रममा कार्यकारी प्रमुख रोड्रिगेजले जैविक विविधता, वातावरण तथा वन्यजन्तु संरक्षणको क्षेत्रमा नेपाल सरकारले गरेको प्रयास तथा सो क्षेत्रमा कूल लगानीको ७९ प्रतिशत आन्तरिक स्रोतबाट गरेकोमा सराहना गर्नुभएको थियो ।

सो अवसरमा कार्यकारी प्रमुखले प्लास्टिक विस्थापन तथा फोहर व्यवस्थापनलगायत हरित पूर्वाधारको क्षेत्रमा नवीन प्रविधि हस्तान्तरण गर्न विश्व वातावरण सुविधाले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । मन्त्री डा महतले जलवायू परिवर्तन अनुकूलन तथा न्यूनीकरण एवम्म जैविक विविधता संरक्षणको क्षेत्रमा अनुदान सहायता बढाउन आग्रह गर्नुभयो ।

सोही क्रममा मन्त्री डा महतले विश्व वन्यजन्तु कोषका प्रमुख संरक्षण अधिकृत निक शेखरन, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका प्रशासक अकिम स्टिनर तथा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घकी निर्देशक डा ग्रेथल अग्वीलरसँग जलवायु परिवर्तनले पारेको विश्वव्यापी प्रभाव तथा नेपालले सामना गर्नुपरेका चुनौती एवम् सोको न्यूनीकरण गर्ने उपायबारे छलफल गर्नुभएको थियो ।

द्विपक्षीय बैठकको क्रममा मन्त्री डा महतले वातावरण संरक्षणको क्षेत्रमा नेपालले गरेका प्रयास तथा उपलब्धिबारे प्रकाश पार्नुभएको थियो । यसैगरी मन्त्री डा महतले नेपालले सामुदायिक वनको अवधारणाबाट वनले ओगटेको क्षेत्रफल झण्डै ४५ प्रतिशत पुर्‍याएको, पछिल्लो दशकमा बाघको सङ्ख्यामा तेब्बर वृद्धि तथा गैंडाको सङ्ख्यामा झण्डै दोब्बर वृद्धि भएको जानकारी दिनुभएको थियो । यो उपलब्धिका साथै नेपालमा मानव र जङ्गली जनावारबीच द्वन्द्वको सिर्जना भएको यसबाट धनजनको क्षति तथा यसका लागि नेपालले ठूलो स्रोत साधन खर्च गर्नुपरेको जानकारी समेत दिनुभएको थियो ।

यसैगरी मन्त्री डा महतले वन तथा वन्यजन्तु संरक्षणका लागि सडक लगायतका पूर्वाधार निर्माणमा वन्यजन्तु आवतजावतमैत्री पूर्वाधार निर्माणका साथै मानव वन्यजन्तु द्वन्द्वका कारण प्रभावित समुदायका लागि जोखिम बीमा तथा स्वरोजगार एवं आयआइतबार्रन गर्न अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सहयोगका लागि आग्रहसमेत गर्नुभयो ।

यसैगरी नेपाललाई सीप तथा क्षमता विकास एवं हरित पूर्वाधार निर्माणमा थप वित्तीय स्रोतको आवश्यकता रहेको बताउनुभयो । वातावरणीय कोष तथा सुविधाका कार्यक्रम ठोस् नतिजा प्राप्त हुनेगरी राष्ट्रिय प्रणालीबाट परिचालन गर्नुपर्नेमा जोड दिँदै यस्ता कार्यक्रमले स्थानीय जनताको जीवनस्तर र आर्थिक अवस्थामा सकरात्मक परिवर्तन ल्याउनुपर्ने बताउनुभएको थियो ।

सम्मेलनमा ८३ देशका मन्त्री तथा एक सय ८५ देशका प्रतिनिधिको सहभागिता रहेको थियो । सम्मेलनको समापन समारोहमा क्यानाडाका प्रधानमन्त्री जष्टिन टुडोले विशेष सम्बोधन गर्नुभएको थियो । रासस

# ललिता निवास प्रकरण : किर्ते कसुरमा मुद्दा दायर

काठमाण्डु । ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँले आइतबार काठमाडौँ जिल्ला अदालतमा किर्ते कसुरमा मुद्दा दायर गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले गरेको अनुसन्धान प्रतिवेदनको सिफारिसका आधारमा सरकारी वकिलले उक्त कसुरमा मुद्दा दायर गरेको हो । सरकारी लिखत तथा दस्तखत किर्ते गरेर सरकारी जग्गा व्यक्तिको नाममा बनाएको अभियोगमा दुई सय ९० जनालाई प्रतिवादी बनाई मुद्दा दायर गरिएको छ । मुद्दा दर्ता गरिएकामध्ये ५२ जनालाई जग्गा जफत प्रयोजनमा प्रतिवादी बनाइएको छ ।

सरकारी वकिलले सरकारी दस्तखत तथा लिखत किर्तेको कसुरमा संलग्न भएको देखिएका सर्वसाधारण विरुद्ध एक वर्ष कैद सजाय माग दाबी गरेको छ । सरकारी अधिकारी र मन्त्रीहरूलाई दुई वर्ष कैदको सजाय माग दाबी गरिएको छ ।

सरकारी लिखत तथा दस्तखत किर्ते गरी एक सय ४३ रोपनी सरकारी जग्गा व्यक्तिको बनाउने सङ्गठितरूपमा काम भएको निष्कर्षसहित सीआइबीले सरकारी वकिललाई अनुसन्धान प्रतिवेदन बुझाएको थियो । सीआइबीले सङ्गठित अपराध र किर्तेको कसुरमा दुई सय ८६ जनालाई प्रतिवादी बनाउन राय दिएको थियो ।रासस

# लेखा र महिला समितिमा एमाले तथा पूर्वाधारमा राप्रपाको उम्मेदवारी



काठमाण्डु । प्रमुख प्रतिपक्ष नेकपा (एमाले)का तर्फबाट प्रतिनिधिसभा मातहातका दुई वटा समितिको सभापतिका लागि उम्मेदवारी परेको छ । सार्वनजिक लेखा र महिला तथा सामाजिक समितिको सभापतिमा क्रमशः ऋषिकेश पोखरेल र किरणकुमार साहले उम्मेदवारी दिनुभएको हो ।

पोखरेलको प्रस्तावकमा राजेन्द्र केसी र समर्थकमा दामोदर भण्डारी तथा साहको प्रस्तावकमा शान्ति विक र समर्थकमा आश्माकुमारी चौधरी हुनुहुन्छ । कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा मा नेकपा (माओवादी केन्द्र)का विमला सुवेदीको उम्मेदवारी दर्ता भएको छ । उहाँको प्रस्तावकमा पूर्णबहादुर घर्ती, समर्थकमा महेश बर्तौला, रमेश लेखक र ध्रुवबहादुर प्रधान हुनुहुन्छ ।

पूर्वाधार विकास समितिमा राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपककुमार सिंहले उम्मेदवारी दिनुभएको छ । उहाँको प्रस्तावकमा माधव सापकोटा र समर्थकमा प्रेमबहादुर महर्जन हुनुहुन्छ ।

प्रतिनिधिसभाअन्तर्गत् १० वटा विषयगत समितिको सभापति पदका लागि भोलि हुने निर्वाचनका लागि आज बिहान ११ देखि अपराह्न ४ बजेसम्मका लागि उम्मेदवारी मनोनयन दर्ता गराउने कार्यतालिका छ ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा जनमत पार्टीका अब्दुल खान, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जनता समाजवादी पार्टी नेपालका राजकिशोर यादव, राज्यव्यवस्था तथा सुशासन समितिको सभापतिमा नेपाली कांग्रेसका रामहरि खतिवडा र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा नेपाली कांग्रेसका आरजु राणा देउवा उम्मेदवारी दर्ता गराउने तयारीमा हुनुहुन्छ ।

यस्तै अर्थ समितिको सभापतिमा कांग्रेसका सन्तोष चालिसे, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा मा नेकपा (एकीकृत समाजवादी)का भानुभक्त जोशी उम्मेदवारी दर्ता गराउने तयारीमा हुनुहुन्छ। रासस

# वित्तीय संस्था कर्मचारी सङ्घमा नयाँ नेतृत्व

काठमाण्डु । नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, नागरिक लगानी कोष शाखामा नयाँ कार्यसमिति चयन भएको छ । राजधानीमा आयोजित तेस्रो केन्द्रीय अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको हो ।

कार्यसमितिको अध्यक्षमा अच्युतम् पौडेल, उपाध्यक्षमा शान्ता ढुङ्गाना, महासचिवमा सूर्यप्रसाद दाहाल, उपमहासचिवमा अनिल बस्नेत र कोषाध्यक्ष्मा बिमलेश यादव चयन हुनुभएको छ । यसैगरी सदस्यहरुमा प्रदीप अधिकारी, सल्यान केसी, निशा खतिवडा, रविन विक र प्रकाश गौतम रहनुभएको छ । महिला संयोजकमा मिनाक्षी पन्त र युवा संयोजकमा नरेन्द्र सुनार चयन हुनुभएको छ । अधिवेशनको उद्घाटन नेपाली कांग्रेसका सह-महामन्त्री तथा सांसद बद्री पाण्डे र नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्र कुँवरले गर्नुभएको थियो । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले ललितपुर महानगरको, सैँबुस्थित नवनिर्मित प्रदेश प्रमुख तथा मुख्यमन्त्री सम्पर्क कार्यालय तथा निवास समुद्घाट्न साथै नवनिर्मित भवनको साँचो प्रदेश प्रमुख र मुख्यमन्त्रीलाई हस्तान्तरण गर्दै । सो क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कोशी र सुदुरपश्चिम प्रदेशका प्रदेश प्रमुखमुख्य मन्त्रीको निवास अवलोकन गर्नुभयो ।

*तस्बिर :रासस*

# महोत्तरीमा 'हरित नगरी' अभियान

महोत्तरी । महोत्तरीमा ' हरित नगरी' अभियान लोकप्रिय बन्दै गएको छ । जिल्लाका नगरपालिकाले एकपछि अर्को गर्दै यो अभियान बढाउँदै लगेका छन् । स्थानीय तहमात्र नभई अब नागरिकस्तरबाट पनि वृक्षरोपण तथा पर्यावरण संरक्षण अभियान सञ्चालन गरिन थालिएका छन् ।

जिल्ला सदरमुकामसमेत रहेको जलेश्वर नगरपालिकाले गत असारमै थालेको यो अभियानअन्तर्गत यही भदौ अन्त्यसम्म एक लाख २५ हजार नयाँ बिरुवा रोपिने जनाएको छ । "प्रारम्भमा पानी नपर्दा अलि सुस्त गर्नुपरेको यो अभियान अहिले साउन अन्तिम साता सुरु भएसँगै पानी पर्न थालेपछि सघन बनाएका छौँ", नगरप्रमुख सुरेश साह सोनार भन्नुहुन्छ, "यो भदौ अन्त्यसम्म हामी एक लाख २५ हजार बिरुवा रोपिसक्छौँ ।"

जलाधिनाथ महादेव श्री जलेश्वरनाथ, तपस्वी ऋषि भृगु आश्रम, रतबारा मठ, सन्सारीमाई देवीस्थान, धार्मिक महत्वका वरुण, पुरन्दर र भार्गव सर (तलाउ) एवं अन्य कैयौँ देवी-देवता र मठस्थलले जलेश्वरको परिचय धार्मिक नगरी रहँदै आएको छ । यी सबै धार्मिकस्थल परिसरलाई मनोरम र हराभरा बनाउन बिरुवा रोपण अभियान अघि बढाइएको उहाँको भनाइ छ । धार्मिक महत्वको आफ्नो नगरीमा धार्मिक प्रयोजनको पर्यटनमात्र नभएर अब स्वच्छ र हराभरा नगर अवलोकनमा पनि पर्यटक आउने वातावरण बनाउन 'हरित अभियान' सञ्चालन गरिएको नगरप्रमुख सोनारले बताउनुभयो ।

यसअघि २०७८ देखि नै बर्दिबास नगरपालिकाले ' हरित अभियान' सञ्चालन गर्दै आएको छ । बर्दिबास नगरप्रमुख प्रह्लादकुमार क्षत्रीले यो भदौ अन्त्यसम्म यस वर्षको अभियानअन्तर्गत ४० हजार नयाँ बिरुवा रोपिने जानकारी दिनुभयो । यस्तै मटिहानी नगरपालिकाले पनि आफ्नै पहलकदमीमा 'हरित नगरी' को अवधारणा साकार पार्न वृक्षरोपण अभियान अघि बढाएको छ । सार्वजनिकस्थलमा रोपिएका बिरुवामा तारजालीको घेराबार, मलिलो माटो र अन्य मलजलको प्रबन्धसहित संरक्षणको जिम्मेवारी तोकेर हेरालु राखिएका छन् ।

यस अभियानलाई अहिले गौशाला नगर क्षेत्रमा नागरिकस्तरबाट अघि बढाइएको छ । वृक्षरोपण तथा पर्यावरण संरक्षण अभियान सञ्जाल संस्थाले यसको अगुवाइ थालेको छ । यस अभियानअन्तर्गत गौशाला नगरभरिका सार्वजनिकस्थल, बाटो, कृषि बाटो, विद्यालय, मठमन्दिर तथा बाँझो खेत र खोला किनारमा रोप्न किसानलाई विभिन्न किसिमको बोट-विरुवा निःशुल्क उपलब्ध गराइएको सञ्जालका भरत महतो कोइरीले जानकारी दिनुभयो । यसपालि यो वर्षात् मौसमको अन्त्यसम्म नगर क्षेत्रका युवा क्लब तथा समाजिक सङ्घसंस्थालाई अग्रसर गराई २५ हजार बिरुवा रोपिने कोइरीको भनाइ छ । रासस

## आर्थिक कूटनीतिलाई प्राथमिकतामा राख्न परिसङ्घको आग्रह

काठमाण्डु । नेपाल उद्योग परिसङ्घले विदेशस्थित नेपाली राजदूतावासमार्फत स्वदेशी वस्तुहरुको निर्यात एवं प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्न आग्रह गरेको छ ।

अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको परिसङ्घ टोलीले आइतबार परराष्ट्रमन्त्री एनपी साउदसँग छलफल गर्दै वैदेशिक लगानी भित्र्याउन, स्वदेशी वस्तुहरुको प्रवर्द्धन गर्न तथा पर्यटन प्रवर्द्धन गर्नका लागि आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राख्न आग्रह गरेको हो ।

अध्यक्ष अग्रवालले प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न नीतिगत स्थायित्व, सहज व्यावसायिक वातावरण र छिटो छरितो निर्णय गर्ने संयन्त्र आवश्यक रहेकोमा जोड दिनुभयो । उहाँले नेपालमा वैदेशिक लगानी आकर्षित गर्न सम्बन्धित देशका लगानीकर्तासँगको व्यावसायिक सम्बन्ध विस्तार गर्न आवश्यक रहेको बताउनुभयो ।रासस

## बर्सातले पहिरो जाँदा सडकसहित घरहरू जोखिममा

भोजपुर । निरन्तरको वर्षाका कारण भोजपुरमा पहिरो जान सुरु भएको छ । पहिरोका कारण सडक, विद्यालयका र घरहरूसमेत जोखिममा परेका छन् ।

जिल्लामा निरन्तरको वर्षा भएपछि सडकसहित घरहरूमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी निरीक्षक विशाल लिम्बूले जानकारी दिनुभयो । पहिराले भोजपुर नगरपालिका-१२ का दुई घरमा जोखिम भएको छ । अन्य केही घरसमेत जोखिममा रहेका छन् । शनिबार राति गएको पहिराले रमेश दर्नाल र मोतिलाल कपालीको घरमा क्षति पुगेको स्थानीयवासी विमल रणपहेलीले जानकारी दिनुभयो ।

केही दिनयताको अविरल वर्षाका कारण आफ्नो घरको माथि र तलबाट पहिरो गएको दीपेन दर्नालले बताउनुभयो । उहाँले भन्नुभयो, "शनिबार रातिको पहिराले घरमा नै क्षति पुऱ्याएको छ, आवश्यक सहयोगका लागि प्रक्रिया अगाडि बढाएका छौँ ।" अन्य घरहरू पनि पहिराको जोखिममा छन् । थप पहिराको जोखिम रोक्न र आवश्यक सहयोगका लागि सम्बन्धित निकायको ध्यानाकर्षणसमेत ती दुई घर परिवारले गरेका छन् । जिल्ला प्रहरी कार्यालय भोजपुरका अनुसार वर्षाका कारण भोजपुर नगरपालिका-४ का नरेश खड्काको दुईतले घर पूर्णरूपमा क्षति भएको ।

यस्तै जिल्लाको पूर्वी पौवादुङ्मा गाउँपालिका-२, कोतगढीडाँडा नजिकैको भित्री सडकखण्डमा पहिरो गएर सडक नै अवरोध भएको छ ।

बर्सातका कारण हतुवागढी गाउँपालिका-१, भीमसेनथानका छत्रबहादुर बस्नेतको घर छेउमा रहेको गोठ लड्दा गोठभित्र रहेका केही खसी बाख्राहरूसमेत मरेका छन् ।

भोजपुर नगरपालिका-१२, पैयाँपानीमा रहेको सार्वजनिक आधारभूत विद्यालयको ४० मिटर पर्खालसमेत वर्षाका कारण ढलेको प्रहरीले जनाएको छ । तीनतले घर भत्किएपछि जिल्लाको उत्तर षडानन्द नगरपालिका-८ का चमरसिंह तामाङको आठ जनाको परिवार छिमेकी हर्कराज राईको घरमा बस्दै आइरहेको छ ।रासस

# सर्लाहीका किसानले उखुको अनुदान पाएनन्

सर्लाही । जिल्लाका उखु उत्पादक किसानले उखु बेचेको लामो समयसम्म पनि सरकारबाट पाउनुपर्ने अनुदानबापतको रकम नपाएको गुनासो गरेका छन् । उनीहरूले उत्पादन गरेको उखु बेचेको करिब नौ महिना हुँदासमेत सरकारले दिनुपर्ने प्रतिक्विन्टल रु ७० अनुदानबापतको रकम अझैसम्म पनि नपाइएको गुनासो गरेका हुन् ।

उखु बिक्री गरेको नौ महिना बितिसक्दा पनि सरकारी अनुदानको रकम नपाउँदा आफूहरु निकै मारमा परेको किसान रामवली महतोले बताउनुभयो । उहाँका अनुसार सरकारले घोषणा गरेको उखुको अनुदानको रकम समयमा भुक्तानी नहुँदा घर खर्च टार्न र खेतीपाती लगाउन मुस्किल भएको छ ।




सरकारले आर्थिक वर्ष २०७९/८० का लागि उखुको समर्थन मूल्य प्रतिक्विन्टल रु छ सय १० निर्धारण गरेको थियो । त्यसमध्ये उद्योगले रु पाँच सय ४० र सरकारले रु ७० गरी किसानलाई रु छ सय १० भुक्तानी गर्ने सहमति भए पनि हालसम्म पनि सरकारले दिने भनिएको अनुदानबापतको रकम प्रतिक्विन्टल रु ७० नपाइएको अर्का किसान राम उद्गार महतोको भनाइ थियो ।

उहाँका अनुसार उद्योगले जिल्लाका उखु उत्पादक किसानलाई रु पाँच सय ४० भुक्तानी गरिसक्दा पनि सरकारले अनुदानबापतको रकम भुक्तानी गरेको छैन । यता चिनी उद्योगले समयमै उखु बिक्री गरेको तथ्याङ्क सरकारलाई उपलब्ध नगराएकाले भुक्तानी ढिलो भएको र उखु बिक्री गरेको तथ्याङ्क पठाउन उद्योगलाई ताकेता गरिरहेको उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार चिनी उद्योगले उखु बिक्री गरेको तथ्याङ्क कृषि मन्त्रालयलाई पठाएपछि मात्रै अर्थ मन्त्रालयले अनुदानको रकम उखु उत्पादक किसानलाई पठाउने गरेको छ । चिनी उद्योग र सरकारको कमजोरीका कारण जिल्लाका किसानले दुःख पाएका अध्यक्ष मैनालीले बताउनुभयो ।

आफूहरुले सरकारले दिने अनुदानको रकम पठाउन सरकार र उद्योगलाई दबाब दिइरहेको उल्लेख गर्दै उहाँले असोजको पहिलो हप्तासम्म भुक्तानी पाइने अपेक्षा गर्नुभयो ।

सरकारले किसानलाई दिनुपर्ने अनुदान रकम समयमा नदिने र उद्योगले पनि किसानको लगानीअनुसारको मूल्यमा उखु खरिद नगर्ने गरेका कारण जिल्लामा पछिल्लो समय उखुखेतीप्रति किसानको आकर्षण घट्दै गएको स्थानीय जानकार उमा शङ्कर साहले बताउनुभयो । उहाँका अनुसार उखुखेतीभन्दा अन्य बालीबाट राम्रोसँग फाइदा हुने भएकाले पनि जिल्लाका किसानले उखुखेती लगाउन छाड्दै गएका हुन् ।

धान, मकै, गहुँ र तोरीलगायतको उत्पादन खेतबाटै बिक्री हुन्छ । यही मूल्यमा उखुखेती गर्ने हो भने लागत मूल्य पनि उठ्दैन, दुई पैसा पनि फाइदा नहुने भएपछि किन दुःख गर्नुपऱ्यो ? उखुको मूल्य प्रतिक्विन्टल रु आठ सय ५० भन्दामाथि भएमात्र लगानी उठ्ने किसानको भनाइ थियो ।

जिल्लामा सञ्चालन भएका तीन वटा चिनी उद्योगमध्ये हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योगले सबै उखु उत्पादक किसानको रकम भुक्तानी गरिसकेको छ भने महालक्ष्मी सुगर मिल बगदह र अन्नपूर्ण सुगर मिल धनकौलले अझै केही रकम भुक्तानी गर्न बाँकी रहेको छ । इन्दुशङ्करले क्रसिङ गर्ने समयमा २८ लाख क्विन्टल उखु खरिद गरेको थियो । रासस

## विश्व संस्कृत विशेष सम्मान ढुङ्गेल र शोधवृत्ति आकाश नीलमलाई प्रदान गरिने

काठमाण्डु । छैटौँ विश्व संस्कृत दिवसको अवसरमा नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति आचार्य पूर्णचन्द्रोपाध्याय ढुङ्गेललाई विशेष सम्मान गरिने भएको छ ।

**व्याकरण, न्याय, वेदान्त, साहित्य, ज्योतिष, सा॒ङ्ख्ययोग र पुराण इतिहास गरी सात विषयमा आचार्य (स्नातकोत्तर) गर्नुभएका आचार्य पूर्णचन्द्रोपाध्याय ढुङ्गेलले विसं २०५७ देखि २०६१ सम्म तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय (हालको नेपाल संस्कृत विश्वविद्यालय) को उपकुलपति भई संस्कृत क्षेत्रको सेवा गर्नुभएको थियो ।**

छैटौँ विश्व संस्कृत दिवस कार्यपरिषद्को शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको संयोजक प्रा डा माधवप्रसाद पाण्डेयले राससलाई जानकारी दिनुभयो । व्याकरण, न्याय, वेदान्त, साहित्य, ज्योतिष, सा॒ङ्ख्ययोग र पुराण इतिहास गरी सात विषयमा आचार्य (स्नातकोत्तर) गर्नुभएका आचार्य पूर्णचन्द्रोपाध्याय ढुङ्गेलले विसं २०५७ देखि २०६१ सम्म तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय (हालको नेपाल संस्कृत विश्वविद्यालय) को उपकुलपति भई संस्कृत क्षेत्रको सेवा गर्नुभएको थियो ।

नेपाल र भारतमा गरी एक सयभन्दा बढी शोधार्थीको अनुसन्धानमा शोधनिर्देशकको भूमिकामा रहेर संस्कृत विद्या साधनामा विशिष्ट योगदान गर्नुभएका आचार्य ढुङ्गेलको योगदानको उच्च मूल्याङ्कन गरी उक्त सम्मान गर्न लागिएको विश्व संस्कृत दिवसका सङ्कल्पकर्ता डा निर्मलमणि अधिकारीले बताउनुभयो ।

छैटौँ विश्व संस्कृत दिवसको अवसरमा रू एक लाख राशिको आरुणि संस्कृत शोधवृत्ति उपप्राध्यापक गोविन्द घिमिरे (आकाश नीलम) लाई प्रदान गर्ने निर्णय परिषद्ले गरेको छ ।

जरो किलो महाअभियानले संस्कृत माध्यमबाट प्राचीन वा आधुनिक विषयवस्तु बारे अनुसन्धानका लागि युवा पुस्ताका संस्कृतज्ञलाई शोधवृत्ति प्रदान गर्दै आएको हो । गत वर्ष विशेष सम्मान प्रा डा दीर्घराज घिमिरे र आरुणि संस्कृत शोधवृत्ति उपप्राध्यापक रोहिणीराज तिमिल्सिनालाई प्रदान गरिएको थियो ।

सम्मान र शोधवृत्ति मिति यही भदौ १४ गते आयोजना हुने छैटौँ विश्व संस्कृत दिवसको मूल समारोहमा प्रदान गरिने पनि उहाँले बताउनुभयो ।रासस

## आजदेखि मुद्दाको पेशी तारिख स्वचालित प्रणालीबाट : प्रधानन्यायाधीश



काठमाण्डु । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायका उपभोक्तालाई छिटो र सहजरुपमा न्याय दिने उद्देश्य सोमबारदेखि पेशी तारिखका लागि स्वचालित (अटोमेसन) प्रणाली लागू गर्ने बताउनुभएको छ ।

संवैधानिक तथा न्यायिक पत्रकार मञ्चद्वारा नवनियुक्त प्रधानन्यायाधीश श्रेष्ठलाई बधाई तथा शुभकामना दिन आइतबार आयोजित कार्यक्रममा उहाँले भोलिदेखि उक्त प्रणाली लागू गर्न लागिएको जानकारी दिनुभयो ।

"पहिला सर्वोच्च अदालतमा परीक्षणका रुपमा मुद्दाको पेशी तारिख अटोमेसन प्रणालीबाट सुरु गरिन्छ, परीक्षण सफल भए काठमाडौँ जिल्ला अदालत र धेरै मुद्दा भएका अदालतमा प्रयोगमा ल्याइनेछ", प्रधानन्यायाधीश श्रेष्ठले भन्नुभयो ।

यो प्रविधि सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले बनाएको भन्दै उहाँले यसको प्रयोग सफल भए न्यायसम्पादनमा सबैलाई फाइदा पुग्ने बताउनुभयो ।

उहाँले न्यायाधीश नियुक्ति प्रक्रिया जतिसक्दो छिटो गर्नका लागि आफू लागिरहेको र सक्षम न्यायाधीश नियुक्ति गरेर न्यायलयप्रति जनआस्थावृद्धिका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढिसकेको छ, न्यायाधीशको सङ्ख्या कम हुँदा न्याय सम्पादनमा कठिनाइ भइरहेको छ", प्रधानन्यायाधीश श्रेष्ठले थप्नुभयो, "सक्षम न्यायाधीश नियुक्ति हुनेमा विश्वास दिलाउँछु ।"

नेपालको ३१ औँ प्रधानन्यायाधीशका रुपमा श्रेष्ठ यही भदौ ४ गते नियुक्त हुनुभएको थियो । उहाँले भदौ ५ गते पद तथा गोपनियताको शपथ लिएर पदबहाली गरी कार्यभार सुरु गर्नुभएको हो । मञ्चले लामो समयदेखि न्यायालय र कानुनको क्षेत्रमा कलम चलाउने पत्रकारबीच पुलको भूमिका निर्वाह गर्दै आएको छ । रासस

# एक हजार विपन्नको स्वास्थ्य बीमा

चितवन । कालिका नगरपालिकाले चालु आर्थिक वर्षमा एक हजार विपन्न परिवारको स्वास्थ्य बीमा गर्ने भएको छ । नगरक्षेत्रभित्र स्थायी बसोबास गर्ने आर्थिक रुपमा विपन्न परिवारलाई नगरपालिकाले स्वास्थ्य बीमाका लागि फाराम भर्न आइतबार सूचना जारी गरेको हो ।

नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रममै समावेश गरेको 'नगर प्रमुख विपन्न स्वास्थ्य बीमा कार्यक्रम'लाई कार्यविधि बनाएर कार्यान्वयनमा ल्याउन लागेको हो । यो कार्यक्रमका लागि नगरपालिकाले चालु आर्थिक वर्षका लागि रु ३० लाख बजेट विनियोजन गरेको छ । यो आर्थिक वर्षमा करिब एक हजार विपन्न परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने लक्ष्य रहेको नगरपालिकाका प्रमुख विनोद रेग्मीले बताउनुभयो ।

स्वास्थ्य बीमामा आबद्ध हुन इच्छुक लाभग्राहीले आफू र आफ्नो परिवार आर्थिक रुपमा विपन्न रहेको स्वघोषणा गर्दै सम्बन्धित टोल विकास संस्थाको सिफारिस लिएर वडा कार्यालयमा आवेदन दिन नगरपालिकाले आह्वान गरेको छ ।

प्राप्त निवेदनका आधारमा आवश्यकताअनुसार स्थलगत जाँचबुझसमेत गरी वडा समितिको बैठकले निर्देशक समितिलाई सिफारिस गरेको आधारमा स्वास्थ्य बीमामा आबद्ध हुन सक्ने व्यवस्था गरिएको रेग्मीले जनकारी दिनुभयो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवप्रसाद उपाध्यायले बीमामा लाग्ने शतप्रतिशत शुल्क नगरपालिकाले व्यवस्थापन गर्ने बताउनुभयो । परिवारको कुनै सदस्य सरकारी सेवामा रहेको, अन्य कुनै कार्यक्रमबाट बीमा सुविधा लिइरहेको, परिवारको कुनै सदस्य वैदेशिक रोजगारी वा विदेशमा बसोबासमा रहेको, परिवारको सदस्य दक्ष श्रम गर्ने नियमित प्रकृतिको स्थायी जागिरमा रहेको, घरबासबाहेक पाँच कट्ठाभन्दा बढी जग्गा रहेको व्यक्ति वा परिवारले नगरप्रमुख विपन्न स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुने पाउने छैनन् ।


यो कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि नगरप्रमुख संयोजक रहने गरी निर्देशक समिति गठन गरिएको छ । समितिमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सबै वडाअध्यक्ष, नगर अस्पताल प्रमुख सदस्य रहने व्यवस्था छ ।रासस

SUSTAINABLE PROSPERITY INITIATIVE NEPAL

## सूचना

IMPERATIVE

सुधारिएको चुल्हो सम्बन्धी योजना तर्जुमा परामर्श बैठक इम्पेरेटिभ ग्लोबल प्रोजेक्ट र सस्टेनेल प्रोस्परिटि इनिसिएटिभ नेपालले गोल्ड स्टयान्डर्ड सँगको सहकार्यमा स्थानिय संघ संस्थाहरुको सहयोगमा सुधारिएको चुल्हो कार्यक्रम (VPA) संचालन गर्न लागेको व्यहोरा सहर्ष जनकारी गराउदछौ । यस VPA को प्राथमिक उद्देश्य नेपालको तराई क्षेत्रका पालिकाहरुमा स्वच्छ उर्जा प्रविधिहरुको प्रवर्द्धन गर्न घर परिवार र समुदायहरुलाई सुधारिएको चुलो उपलब्ध गराउनु हो । परियोजनको बारेमा छलफल गर्न योजना तर्जुमा परामर्श बैठक आगामी २०८० असोज ११ गते बर्दिवास, महोत्तरी जिल्लामा आयोजना हुनेछ । उक्त कार्यक्रममा उपस्थितिका लागि इच्छुक संघ, संस्थाहरुलाई औपचारिक रुपमा जानकारी गराउनेछौं । यस सम्बन्धमा कुनै जिज्ञासा वा प्रश्नहरुको लागि कृपया हामीलाई info@spinepal.com.np वा ९७४१८०३७०१ मा सम्पर्क गर्नुहोस् ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सचेत रहौं

केही दिन यता देखि परेको अविरल बर्षाका कारण मधेश क्षेत्रका नदीहरुमा बाढी आएको छ । कोशी, कमला, बलान, बागमती लगायतका नदीहरुमा आएको बाढीबाट हजारौं घर परिवार विस्थापित हुने अवस्था सृजना भएको छ । हुनत स्थानीय प्रशासनहरुले यस बिषयमा सम्वेदनशीलता अपनाए पनि आफू पनि सचेत रहनु जरुरी देखिएको छ । बाढी कुन बेला गाउँ घरमा प्रवेश गर्ने हो त्यसको जानकारी कसैलाई हुँदैन् । खास गरी नदी किनारमा रहेका ग्रामीण होस वा शहरी सवै ठाउँका जनतालाई सचेत भई बस्नुपर्ने आवश्यकता देखिएको छ। हुनत सरकारी निकायहरुले तटबन्धको नाउँमा बर्षेनि लाखौं रुपैयाँ खर्च गर्ने गरेका छन् तर, ती पैसा भने बालुवामा पानी भएको जस्तै देखिन्छ । किन भने बाढीबाट ती तटबन्धहरु सर्वसाधारणलाई एक पटक पनि निश्चिन्तको जीवन बाच्न दिने अवस्था छैन् । कमिसन र भ्रष्टाचारीमा लिप्त सम्वन्धित निकायका कर्मचारीहरुले बनाएको तटबन्धबाट एक पटककोलागि भएपनि सुरक्षा दिन सक्दैन् । असारे बजेट सकाउन हतारमा बनाइएको तटबन्धहरु साउन भदौ महिनाको बाढीमा प्रत्येक बर्ष बग्ने गरेको परिपाटिनै बनि सकेको छ । सरकारले जनताको जनधनको क्षति हुनबाट जोगाउँन करोडौं रुपैयाँ खर्चे पनि कर्मचारीहरुको लोलुप्ताका कारण जनता निश्चिन्तताको जीवन बाच्न कठिन भएको छ । सरकारले तटबन्ध बनाउने ती कर्मचारी र त्यो कार्यालयलाई कारवाहीको दायरामा ल्याउनु जरुरी देखिन्छ। कर्मचारीको लोलुप्ताका शिकार प्रत्येक बर्ष आम जनता हुने गरेका छन् । विपद् व्यवस्थापनको नाममा प्रत्येक बर्ष करोडौं रुपैयाँको बजेट दुरुपयोग भएको देखिन्छ । विपद् व्यवस्थापनको नाममा पोखरीमा गरिने प्रयोगहरु बाढी आएको नदीमा भने देखिएको छैन् । सर्वसाधारणको जनधनको क्षति जोगाएको देखिएको छैन् । सम्वन्धित पक्षले यता पनि ध्यान केन्द्रित गर्नुपर्ने जरुरी देखिन्छ।

# राजा जगत प्रकाश मल्ल र मैथिली



डा.रेवतीरमण लाल

राजा जगत प्रकाश मल्ल नरेश मल्लका छोरा र जगज्योति मल्लका पौत्र थिए। उनको जन्म विक्रम सम्वत् १६७५ मा र मृत्यु विक्रम सम्वत् १७२९ मा भएको थियो । उनको शासनकाल वि.सं. १७०० देखि १७२९ सम्म थियो । उनी नेपाल उपत्यका भक्तपुरको अत्यन्त प्रसिद्ध राजा भए। सर्वप्रथम तिथि अंकित मुद्रा उहाँ नै चलाउनु भएको थियो। त्यसो त मध्यकालीन नेपालको एउटा खास विशेषता नै थियो कि मल्ल राजाहरु मैंथिली साहित्यकार र साहित्य सर्जनलाई सम्मानित मात्र गर्नु भएन उनीहरुबाट प्रेरणा प्राप्त गरी अनेक उच्चस्तरका गीतहरु र नाटकादिको रचना गर्दै रहे । डा. रामदेव झा को कथनानुसार सोह्रौ शताव्दी देखि अठारौं शताव्दी सम्म नेपाल उपत्यकामा अवाध गतिले साहित्य रचना हुँदै रह्यो। यस अन्तरालमा जो कुनै रचना गरियो ती रचनाहरु स्तर दृष्टिले अतुलनीय रहेका छन।

त्यस वखतका नेपालीय मैथिली साहितय मैथिली साहित्येतिहासका गरिमामय अध्याय बनि सकेकोछ । मल्ल राजाहरुको मैथिली प्रतिको प्रेम न सहज न, आकस्मिक थियो । मैंथिल ब्राह्मणहरुको उदभट्ट पांडित्य एवं विद्यापति प्रमृति मैथिल कविहरुका सरस कोमल कान्त पदावलीको आकर्षण यसको लागि पूर्णतया उत्तरदायि भन्न सकिन्छ। यस प्रसंग इतिहासकार सुर्य विक्रम ज्ञवालीको आफना पुस्तक “नेपालको मध्यकालीन इतिहास” अनुसार “विभाजन भएकै शताव्दीमा विद्यापतिका पदावली पनि नेपाल पुगे। विभाजित नेपालका राजाहरु संगीत बाहेक कविताका पनि बडा प्रेमी थिए। जयदेव र विद्यापतिका कवितावलीद्वारा यसले सम्बर्द्धन पाएको थियो।”

नेपाल उपत्यकाको भक्तपुरिका राजा जगत प्रकाश मल्ल अत्यन्त प्रतिभाशाली संगीत प्रेमी कवि एवं लोकप्रिय राजा हुनु भयो। उनी एकै सँग सँस्कृत एवं मैथिलीका उदभट्ट विद्वान हुनुहुन्थ्यो । उनको मैथिली साहित्यको देन अतुलनीय छ।

उनका रचनाहरुको मुख्यरुपमा दुई भागमा विभागित गर्न सकिन्छ। एउटा गीत र अर्को नाटक।

मध्यकालीन साहित्यका जति अनुसनधान भएका छन त्यस आचारमा ती सामग्रीहरुमा उनका गीतहरु शीलोत्कीर्ण गीतहरु छन जो भक्तपुरको शीलालेखबाट थाहा भएको छ। अभिलेखालयमा भेटिएका गीतहरु छन। उनका रचनाहरु छन पद समुच्चय, गीत संग्रह, गीत पंचक, गीतावली, नानाराग गीतानि, नावार्थ देवदेवी गीत आदि । जगत प्रकाश मल्लका अर्को कृति छन नाटक। उनको नाटकहरुका (१) उषाहरण (२) नलीय नाटकम, (३) पारिजातहरण (४) प्रभावतीहरण (५) मलय गान्धिनी नाटक (६) मूल शशि देवोपाख्यान (७) माधव मालती (८) रामायण नाटक एवं (९) मदन चरित नाटक।

मल्ल वंश त त्यस्तै साहित्य एवं संगीतको प्रेमी रहेको थियो र जगत प्रकाश मल्ललाई यस तर्फ प्रेरक शक्तिको रुपमा हुनु हुन्थ्यो उनको मैथिल महारानी श्रीमती अन्नपूर्णा लक्ष्मी तथा उनका जेठान चन्द्रशेखर सिंह। चन्द्रशेखर सिंह स्वयं एउटा उदभट्ट विद्वान एवं कवि पनि थिए। र त्यसैले उनी राजाको मन्त्री पनि भएका थिए।

राजा जगत प्रकाश मल्ल साहित्य, संगीत मात्रमा रुचि राख्ने हुनु हुन्थियएन वरु, त्यस विधामा पूर्ण पारंगत थिए । यो नै कारण छ जो स्वरचित “गीतावली” जो जस्तो उनी आफूलाई भीमानेष जगत प्रकाश नृपति गन्धर्व विध्यागुरुः सुप्रीत्ये गुणनां चकार ललितं गीतावलीमा आफूलाई गन्धर्व विध्यागुरु भन्नु भएको छ। अर्थात संगीत शास्त्रमा पारगत भएर उनी गन्धर्व विध्यागुरु कहलाइएका थिए। साथै कवित्वको उच्च प्रखरताको कारणले नै उनी कविन्द्रको नाउँले पनि प्रख्यात भएका थिए । उनका गीतहरुको भनिताहरुमा ‘प्रकाश’ को उल्लेख पनि पाइन्छ। उनी जति गीतहरुको रचना गरे त्यति नेपाल उपत्यकाको कुनै अन्य कविको गीत रचना पाइदैन।

जगत प्रकाश मल्ल त नाटक लेख्नु भयो संस्कृतको परम्परामा उनका कवित्वका प्रतिभा त्यस क्षेत्रमा पनि अन्य प्रतिभालाई पछाडी छाडि दिएका थिए। त्यहाँ पनि पहिला कवि अनि मात्र नाटककारको रुपमा देखिए। त्यसमा पनि कवि सुलभ कल्पनाको उडान बढी पाइन्छ । उनका नाटकहरुमागीतहरु भरिएका छन । संगीत शास्त्रका पण्डित भएकोले उनका गीतहरु तालालय युक्त छन।

शुरुमा नै विध्यापतिका गीतहरु नेपाल उपत्यकामा प्रवेश पाइ सकेकोले उनका गीतहरु विद्ययापतिको परम्पराबाट अनुप्राणित भएको बुझिान्छ । उनका एउटा गीतको द्वारा यस्तो छ।

*पिया तो हे शिली मुख जाति*
*नहि कर किछु परिणाति।*
*तैयो हमे धनि तोर दासि*
*मोहि छाडि किएले जासी*
*जगत प्रकाश नृप गाव*
*रस मन्त बुझए भाव।*

अधिकाँश गीतहरु भक्तिरस एवं श्रृंगाररस प्रधान छन । उनका भक्ति परक गीतहरुमा हुनका कुलदेवी तुल्जा भवानीका स्तुतीको साथै शिव, विष्णु अनि गणेशका स्तुती गाइसका छन।

उनका उपरोक्त नाटकहरु मानलीय नाटकमा चन्द्रशेखरको भनिता पाइएको छ। साथै प्रभावतीहरुण नाटकमा वंशमणि झाको भनिता पाइएको छ । डा. जयमन्त मिश्र आफनो पुस्तक “मैथिली अभिलेख गीतमाला” मा प्रभावतिहरुण नाटकलाई वंशमणि झाले लेखेको मानेका छन । डा. जयमन्त मिश्र नेपालको मध्यकालीन मैथिली साहित्य एवं त्यस वखतको इतिहासमा नीकै अध्ययन र अनुसन्धान गर्नु भएको छ । त्यसैले प्रभावतीहरण नाटकका रचयिता वंशमणि झालाई माननमा जो आधार उहाँ लिएको भएपनि त्यस नाटकको अन्य गीतहरु जगत प्रकाश मल्लको भनिता साथ लेखिएका छन। साथै त्यस नाटको अन्तमा “इति श्री जय जगत प्रकाश मल्ल कृत प्रभावतीहरण नाम नाटकम समापतम” स्पष्ट रुपमा उल्लेख भएको पाईन्छ । त्यसैले विना अन्य कुनै कारणले राज वर्णनामा वंशमणि झाको उल्लेख भएकोले यो नाटक जगत प्रकाश मल्लका न मानेर वंशमणि झा मा कुन नाटक त्यस वखतको सम्बन्धित राजाको वा त्यस राजाको सम्बन्धित कविद्वारा लेखिएको छ । त्यो कुरा ठोकुआ रुपमा भन्न विद्वानहरुमा मतैक्य छैन।

देश वर्णना- राजवर्णना मध्यकालको एउटा विशेषता नै थियो साथै धूर्त समागम एवं गोरक्ष विजय नाटकहरुको कालपछि यस युगमा जो नाटकको कथोपकथनमा मैथिली गध्यको प्रयोग हुन थाल्यो त्यो उनको समयमा अरु सबल भएर आयो । उनका समयको नाटकहरुमा गद्यको प्रयोग बढी भयो। यस कालका नाटकहरुका गद्य अत्यन्त विकसित अवस्थामा देखा पर्दछ।

राजा जगत प्रकाश मल्लको नाटक “मदन चरित” को एउटा गद्यांश हेरौ- “सूत्रधार हे प्रिये श्री श्री जगत ज्जय मल्लदेव जेष्ठ राजकुमार श्री श्री जयजीता मित्र मल्लका आदेश भेल अछि …

उनका नाटकहरुको भाषा मैथिली, संस्कृत एवं नेवारी छन । उनका नाटकहरुको कथनक पौराणिक वा त्यस प्रकारका छन जसबाट जनता जानकार रहन्थे। तर त्यस बखतका जीवन एवं जगतका चित्रण ती नाटकहरुमा पाइदैन । नेपाली मैथिलीको सर्वोच्च स्थानमा आसीन गर्नमा नेप जगत प्रकाश मल्लको स्थान अति उच्च छ।

त्यसो त मध्य युगमा नेपालमा जति मैथिली साहित्यको सेवा भयो। त्यसमा भक्तपुरका राजाहरुको स्थान सर्वोपरी छ । तर भक्तपुरका ती राजाहरुमा जगज्योति मल्लको पश्चात जगत प्रकाश मल्ल कैं नाम आउँछ । यस प्रसंगहरु धीरेन्द्रको यो उक्त सांदर्भिक छ कि मध्यकालीन यो मैथिली साहित्य हामीहरु नपाएको भए आजको मैथिली साहित्यको कस्तो रुप रहन्थ्यो भन्न गाह्रो छ।

# लामखुट्टे कस्तो व्यक्तिप्रति बढी आकर्षित हुन्छ ?

हरेक वर्ष २० अगस्टका दिन विश्व लामखुट्टे दिवस मनाइन्छ। लामखुट्टेका कारण उत्पन्न हुने रोगबाट बच्न तथा त्यसबारे जनचेतना फैलाउन विश्व लामखुट्टे दिवस मनाइन्छ।

विश्व लामखुट्टे दिवसका अवसरमा लामखुट्टेले कसलाई बढी टोक्ट भनेर डा सरुवा रोग विशेषज्ञ डा शेरबहादुर पुनले तयार पारेको आलेख यहाँ प्रस्तुत गरिएको छः



लामखुट्टेले कसलाई बढी टोक्दै छ? यो प्रश्नको सिधा सम्बन्ध लामखुट्टेबाट सर्ने संक्रमणसँग देखाउन खोजेको हो। अर्थात् जसलाई लामखुट्टेले टोक्द्छ उसैलाई संक्रमण हुने सम्भावना पनि बढी हुने गर्दछ। हाल देशका विभिन्न ठाउँमा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु भाइरस सक्रिय हुँदै गइरहेको छ।

लामखुट्टे कस्तो व्यक्तिप्रति बढी आकर्षित हुन्छ भन्ने रोचक तर जानकारीमुलक अनुसन्धान लेखहरु प्रकाशित भएका छन। ‘द अमेरिकिन मसक्युटो कन्ट्रोल एशोसियासन’का अनुसार लामखुट्टे कार्बोंनडाईअक्साइड प्रति आकर्षित हुने गर्दछ। श्वास फेर्दा शरीरबाट कार्बोंनडाईअक्साइड फ्याँकिने गरिन्छ र शारीरिक क्रियाकलाप गर्दा यो अझ बढी निस्कन्छ। शरीरबाट निक्लने विशेष गन्धमा पनि लामखुट्टेहरु आकर्षित हुने अनुसन्धानहरुले देखिएका छन्। त्यस्ता गन्ध वंशाणुगत समेत हुने गर्दछ। यदी परिवारका सदस्य लामखुट्टेको टोकाईले अजित हुने गर्दछन् भने तपाईं पनि लामखुट्टे टोकाईको जोखिममा पर्न सक्नुहुन्छ । लामखुट्टे अँध्यारो/गाढा रंग प्रति आकर्षित हुने गर्दछ। तसर्थ यदी कसैले अध्यार ो/गाढा रंगको कपडा लगाउनु भएको छ भने लामखुट्टेले टोक्ने सम्भावना बढी हुने गर्दछ। शरीरको तापक्रम बढी हुँदा पनि लामखुट्टे आकर्षित हुने गर्दछ। जापानमा गरिएको एक अनुसन्धानमा बियर प्रेमी (वा मापसे गर्ने) लाई लामखुट्टेले बढी टोक्ने गरेको नतिजा देखाएको थियो। यसर्थ मापसे गर्ने बानी छ भने विशेषत लामखुट्टे सक्रिय हुने सिजनमा टोकाईको उच्च जोखिममा पर्नु हुनेछ।

रगतको समुह ‘ओ’ भएकाहरुलाई अरु समुह भन्दा बढी टोक्ने गरेको विभिन्न



डा शेरबहादुर पुन

अनुसन्धानहरुले देखिएका छन्। महिला गर्भवती हुँदा पनि लामखुट्टे आकर्षित हुने गरेको अध्यनहरुले देखाएका छन्।

यी माथि उल्लेखित बानी वा अवस्थाहरुमा लामखुट्टेले टोक्ने सम्भावना बढी हुने अध्ययन/अनुसन्धानहरुले देखाएको भएता पनि सबैको सटिक र व्यवहारिक समाधान भने छैन/देखिदैन। तसर्थ, लामखुट्टे सक्रिय भएको वा लामखुट्टेजन्य संक्रमण फैलिएको ठाँउहरुको पहिचान गरी लार्भा “खोज र नष्ट“ गर अभियानलाई संचालन गर्न नै उपयुक्त र बुद्धिमानी हुनेछ। त्यो भन्दा राम्रो, लामखुट्टेको बृदि विकास हुने वातावरण नै शृजना हुन नदिनु हुनेछ।

# निर्यात उद्योग र हस्तकलामा देखिएका समस्या



रविन्द्रराज ताम्राकार

नेपालमा उत्पादित वस्तुको निर्यातका लागि भन्सार जाँचपास प्रक्रिया सहज हुन सकेको छैन। कच्चा पदार्थ र तयारी वस्तुबीच भन्सार दर फरकफरक हुने व्यवस्था भए पनि कार्यान्वयनमा अझै आउन सकेको छैन । विश्वका अन्य मुलुकमा भन्सारमा लाग्ने समय र वस्तु निर्यात गर्दा आवश्यकपर्ने कागजात नेपालको भन्दा निकै सहज रहेको हुन्छ तर नेपालमा भने अझै पुरानो प्रवृत्ति नै हाबी छ। विश्वका २३ वटा मुलुकमा निर्यातका लागि कागजात तयार गर्दा एक घण्टा लाग्ने गरेको एक अध्ययनले देखाएको छ। १६ मुलुकमा निर्यातमा भन्सार जाँच पास गर्दा एक घण्टाभन्दा कम लाग्ने गर्दछ। यसैगरी १७ मुलुकमा निर्यातका लागि शून्य लागत र १६ मुलुकमा सीमा क्षेत्र पार गर्दा लाग्ने लागत शून्य छ। छिमेकी राष्ट्र भुटानमा समेत आयात र निर्यातमा समान समय लाग्छ तर नेपालमा भन्सारमा ११ घण्टा लाग्ने गरेको छ। यसलाई व्यवस्थित नगरेसम्म नेपालको निर्यात प्रवर्द्धन हुन सक्दैन।

कच्चा पदार्थमा भन्सार महशुल छुट, पुँजीगत सबै वस्तुमा भन्सार छुट वा अर्ध प्रशोधित वस्तुमा भन्सार छुट गर्दा उत्पादन वृद्धि हुने विश्व बैंकको अध्ययनले देखाएको छ। यसले गर्दा निर्यात बढ्ने र उल्लेख्य रोजगारी बढ्ने पनि हुन्छ । वैदेशिक व्यापारमा एकल द्वार प्रणाली लागु गनुपर्ने र एक्सरे मेसिन जस्ता न्यूनतम् प्रविधिको प्रयोग गरी भन्सार जाँचपास प्रक्रिया सरल बनाउनु नितान्त आवश्यक छ । निर्यात क्षेत्रमा यतिको गर्न सकेको खण्डमा नेपालमा नै केही गर्न सकिन्छ र निर्यातमुखी उद्योग स्थापना भई नेपालले विदेशी मुद्रा आर्जन गर्न सकिने हुन्छ। निर्यातमा सहजीकरणका साथै देशमै अवसर सिर्जना गरी योग्य श्रमशक्ति पलानयको चक्रलाई रोक्नु अहिलेको तड्कारो आवश्यकता पनि हो।

गत आर्थिक वर्षमा कुल वस्तु व्यापार घाटा अघिल्लो आवको तुलनामा १५.५ प्रतिशतले कमी आएता पनि व्यापार घाटा रु.१४ खर्ब ५४ अर्ब ५९ करोड रहेको छ। आव २०७८/७९ को असार मसान्तसम्म नेपालको निर्यात व्यापार रु दुई खर्ब तीन करोड पुगेकामा, आव २०७९/८० मा कुल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी आई रु.एक खब ५७ अर्ब १४ करोडमा सीमित भएको छ। नेपालमा निर्यातयोग्य उद्योगमा भएका बेथितिका कारणले गर्दा नेपालको निर्यात व्यापार खस्कँदो अवस्थामा पुगेको हो। नेपालबाट निर्यात हुने नेपाली हस्तकला, काष्ठकलालगायतका उद्योगहरुलाई सरकारले प्राथमिकतामा राख्न नसक्दा यो क्षेत्रको निर्यात व्यापार पनि कमजोर हुँदै गएको अवस्था छ।

वास्तवमा नेपाल परम्परागत कला र संस्कृतिमा मात्र नभई मौलिक हस्तकला उत्पादनमा पनि अग्रणी छ । यहाँका उत्पादन संसारमै पृथक नमुनाका रूपमा स्वीकार गरिन्छ। खासगरी फेल्ट, धातुकला, पस्मिना, काष्ठकला, पेपर क्राफ्टलगायतका नेपाली उत्पादन विश्वमा निकै लोकप्रिय छन्। नेपाली उत्पादन अमेरिका, युरोप, जापान तथा क्यानडालगायतमा मुलुकमा लोकप्रिय मानिन्छन् । तर यसका लागि राज्यले नीतिगत व्यवस्था गर्न सकेको छैन। अनि लगानीका लागि प्रयास पनि गरिएको छैन । मुलुकभित्रको उपलब्ध साधनस्रोतको अवस्था हेर्दा यो अथाह सम्भावना भएको क्षेत्र हो । सरकारले हस्तकला नीति स्पष्ट रुपमा नबनाउँदा व्यवसाय प्रवर्द्धन र उत्पादित सामग्री प्रचारमा समस्या हुने गरेको छ। अमेरिका, युरोपेली मुलुकहरू, चीन, भारतलगायत अन्य मुलुकमा २५ भन्दा बढी विभिन्न प्रकारका हस्तकला वस्तुको निर्यात भइरहेको छ। हस्तकला क्षेत्रमा झन्डै ११ लाख व्यक्तिले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट रोजगारी प्राप्त गरिरहेका छन्।

नेपालमा हस्तकलाको बजार करिब १० अर्बको छ यसलाई प्रवर्द्धन गर्न सकेको खण्डमा र राज्यले नीति बनाएर यसको संरक्षण र प्रवर्द्धन गरेको खण्डमा निर्यात व्यवसाय चार गुणाले बढाउन सकिन्छ । सरकारले हस्तकलाको विकासका लागि कुनै नीति ल्याउन सकेको छैन, जुन सबैभन्दा विडम्बनाको कुरा हो निर्यातमा पाँच प्रतिशत सहुलियतका साथै कुनै पर्यटक नेपालमा आएर कुनै सामान खरिद गर्छ, उ फर्कंदाखेरि उसले लिएको बिलबिजक विमानस्थलमा प्रस्तुत गऱ्यो भनेर पाँच प्रतिशत छुट दिनसके पर्यटन पनि बढ्ने र व्यवसाय पनि बढ्ने देखिन्छ। हस्तकला उद्योगमा संलग्न प्रत्यक्ष र अप्रत्यक्ष गरी ११ लाख जति व्यक्तिले रोजगारी पाएका छन् । परन्तु यहाँ कामको सम्मान गर्ने प्रवृत्ति नभएकाले यस व्यवसायमा युवाहरुको आकर्षण बढ्न सकेको छैन । बरु विदेशमा गएर तल्लो स्तरको काम गर्न रुचाउँछन् । आफ्नो पुस्तेनी व्यवसायलाई अगाडि बढाउन चाहँदैन। यही अवस्था रहिरहने हो भने एक दशकभित्र नै नेपालमा हस्तकला क्षेत्रमा आवश्यक जनशक्ति समाप्त हुनेछ। यसर्थ सरकारले यसतर्फ पनि ध्यान दिनु आवश्यक छ।

पछिल्लो समय हस्तकलाका सामानहरु छिमेकी राष्ट्रहरु, युरोप र अमेरिकामा बढे पनि कामदारहरुको कमीले गर्दा मागपूर्ति गर्न सकिएको छैन। श्रमको कमीले गर्दा केही समययता भारत र बङ्गलादेशका कालिगडहरुले पनि सुनचाँदीको गहना एवम् विभिन्न हस्तकलाका सामानहरु बनाउँदै आएका छन् । यतिमात्र होइन, कालिगडहरुलाई तालिम दिने संस्थाहरुको अभावमा, यहाँबाट उत्पादित सामानको गुणस्तर अभिवृद्धि गर्न सकिएको छैन । हस्तकलाको प्रवर्द्धनका लागि समसामयिक तालिमको आवश्यकता छ। तर यहाँ उक्त कलासम्बन्धी तालिम दिने संस्थाहरु छैनन् । त्यसैले यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ।

भारत र बङ्गलादेशमा हस्तकलाका सामानहरु बनाई निर्यात गर्ने सङ्घसंस्थाहरुलाई प्रोत्साहन दिने विशेष व्यवस्था भएकाले ती देशहरुमा उक्त व्यवसायमा संलग्न व्यक्तिहरु उत्साहित छन्। यहाँ हालसम्म पनि उक्त व्यवस्था गर्न नसकिएकाले सम्बन्धित व्यक्ति तथा संस्थाहरुको ध्यान आकृष्ट हुन जरुरी छ। हस्तकलामा युवाहरुको खासै चासो देखिदैन । त्यसैले विद्यालयहरुको पाठ्यक्रममा हस्तकलासम्बन्धी कुराहरु समावेश गर्नसके भविष्यमा यहाँका युवा उक्त कलामा आकर्षित हुने छन्। आगामी दिनमा हस्तकलाका सामानहरुको माग अभिवृद्धि गर्न यिनीहरुको डिजाइनमा पनि केही परिवर्तन गर्न जरुरी छ । यसका लागि अन्तर्राष्ट्रियस्तरका डिजाइनरहरु झिकाई यहाँका कालिगडहरुलाई समसामयिक तालिम दिन आवश्यक छ।

नेपालले २०८५ सालसम्म गरिबीको रेखामुनिको पाँच प्रतिशत र २१०० मा शून्यमा झार्ने लक्ष्य लिएको छ। यसका लागि हस्तकला उद्योगहरुको विकासले केही योगदान पुग्न सक्छ। अर्थतन्त्रका महत्वपूर्ण परिसूचक विवरण र तथ्याङ्कहरु समावेश गरिएको आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएको देशमा रुपान्तर हुँदै समुन्नत तथा समृद्ध समाजवाद उन्मुख अर्थातन्त्रको आधारशीला निर्माण गर्ने लक्ष्य छ। यसका लागि हस्तकला उद्योगहरुको भूमिका महत्वपूर्ण हुन सक्छ। भन्सारमा सहजता, नेपालमै अन्तराष्ट्रिय मेलाको आयोजना सरकारले नै गर्नुपर्ने अहिलेको आवश्यकता हो।

नेपालमा एउटा भरपर्दो र सुविधायुक्त अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र नभएका कारणले पनि निर्यात व्यापारको प्रवर्द्धन हुन सकिरहेको छैन । विभिन्न व्यावसायिक सङ्गठनहरुले आयोजना गर्दै आइरहेको अन्तर्राष्ट्रिय मेलाहरुमा विदेशी खरिदकर्ता ल्याउन नसकेको तीतो यथार्थ हो । यसले गर्दा अन्तर्राष्ट्रिय व्यापार मेलाको नाममा स्वदेशी खरिदकर्तालाई नै देखाएर मेला गर्नुपर्ने अवस्था रहेको छ। त्यस्ता मेलाहरु निर्यात प्रवर्द्धनमा प्रभावकारी हुन नसकेको हुँदा सानासाना मेलाहरु छुट्टाछुट्टै गर्नुभन्दा सबैलाई समेट्ने गरी एउटै मेला प्रभावकारी रुपमा राज्यस्तरबाट नै आयोजना गर्नु आवश्यक रहेको छ। आव २०७८/७९ को बजेट बक्तव्यमा बुँदा नं. १८३ मा नै काठमाडौं उपत्यकाभित्र नेपाल सरकार र निर्यात व्यवसायी महासङ्घ नेपालको साझेदारीमा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र निर्माण गरिने उल्लेख भए पनि यो कार्यान्वयनमा आउन सकेन।

यसैगरी निर्यात मुलक उद्योगको लागि अन्य प्रतिस्पर्धी मुलुकहरुमा जस्तै १० वर्षमा सहुलियत ब्याज दरमा निर्यात ऋण उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नुपर्दछ। हालसम्म नेपाल सरकारले निर्यात क्षेत्रको पूर्वाधारको लागि नगन्य मात्रामा बजेटको व्यवस्थापन गरेको हुँदा आगामी दिनमा कृषिमा जस्तै निर्यात उद्योगको विकासका लागि पूर्वाधार विकासमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिनु आवश्यक छ। चुलिदो व्यापार घाटालाई न्यूनीकरण गर्नको लागि स्वदेशी उत्पादन वृद्धि गर्दै निर्यात प्रर्वद्धन गर्नु मुख्य उपाय हो । यस विषयलाई मध्यनजर गर्दै सबै क्षेत्र चनाखो हुनु अहिलेको आवश्यकता हो। (लेखक हस्तकला व्यवसायी हुनुहुन्छ)

# कांग्रेसको रुपान्तरण अभियानद्वारा सुशासनका पक्षमा प्रधानमन्त्रीको ध्यानाकर्षण



काठमाण्डु । नेपाली कांग्रेस रुपान्तरण अभियानले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गरी मुलुकमा सुशासन कायम गर्न र भ्रष्टाचारका सबै प्रकरणमा दोषी सबैलाई कारबाही गर्न ध्यानाआकर्षण गराएको छ ।

कांग्रेसका नेताहरु मधु आचार्य, जगदिशनरसिंह केसी, भुपेन्द्रजङग शाही, खगेन्द्र मल्ल, जनार्दन आचार्य, शान्ता बास्ताकोटीलगायतको प्रतिनिधिमण्डलले आज प्रधानमन्त्री दाहाललाई भेटेर सो विषयमा ध्यानाकर्षण गराएको हो ।

अभियानकर्ताहरुले ललिता निवास जग्गा प्रकरणमा निष्पक्ष अनुसन्धान र सम्पूर्ण दोषीलाई कारबाही गर्नुपर्ने तथा कसैलाई उन्मुक्ति दिन नहुने, नक्कली भुटानी शरणार्थी प्रकरणमा अनुसन्धान र कारबाहीको अन्तिम बिन्दुसम्म पुगेर संलग्नलाई कारबाही गर्नुपर्ने माग गर्नुभएको थियो ।

यसैगरी सुनकाण्ड प्रकरणमा निष्पक्ष अनुसन्धान गरी कुनै पार्टी नहेरी आग्रह पूर्वाग्रह नराखी नाम जोडिएका जो कोहीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने, देशमा सुशासन कायम हुनुपर्ने, भ्रष्टाचार काण्डमा दोषी जुनसुकै तहको नेता भए पनि कानुनी कारबाही गर्नुपर्नेलगायत विषयमा ध्यानाकर्षण गराएको कांग्रेस नेता शाहीले जानकारी दिनुभयो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले सबै मुद्दामा आफू गम्भीर ढङ्गले प्रस्तुत भई त्यसलाई निचोडमा पुऱ्याइछाड्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । रासस

## सांसदहरुको आह्वान

# सामाजिक सद्भाव कायम राखौँ

काठमाण्डु । राष्ट्रिसभाका सांसदहरुले सामाजिक सद्भाव कायम राख्न धरानवासीलाई आह्वान गर्नुभएको छ । राष्ट्रिसभाको आइतबार बसेको बैठकको विशेष समयमा सांसदहरुले धरानको 'गोबध' प्रकरणले निम्तिएको विवादले सामाजिक सद्भावलाई खलल पुऱ्याएको भन्दै आपसी भाइचारा र सहिष्णुता कायम गर्न आग्रह गर्नुभएको हो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद उदयबहादुर बोहराले धरानलगायतका अन्य ठाँउमा आपसी भाइचारा र सामाजिक सदभावलाई खलल पुऱ्याउने क्रियाकलाप दोहोरिन नदिन आग्रह गर्दै सरकारले यसका लागि थप पहलकदमी लिनुपर्ने बताउनुभयो ।

"परापूर्वकालदेखि विभिन्न जनजाति, धर्म सम्प्रदाय, संस्कृतिका नागरिकबीच आपसी सम्मान, सद्भाव कायम राख्दै देश विकासमा एकजुट भई अगाडि आइरहेका छौँ", उहाँले भन्नुभयो, "आपसी मतभेद र असहमतिलाई सौह्रार्दपूर्ण वातावरणबाट समाधान गरी सामाजिक सद्भावलाई कायम राख्न आह्वान गर्दछु ।" सांसद बोहराले पटकपटक संसद् अवरुद्ध हुँदा संसद्को गरिमामा आँच आएकोप्रति प्रतिपक्षका सांसदलाई सचेत हुन आग्रह गर्नुभयो ।

नेकपा(माओवादी केन्द्र) का सांसद भुवनबहादुर सुनारले देश विकास र समृद्धिका लागि एकजुट हुनुपर्ने बेला आपसमा लडाईं नगर्न आग्रह गर्नुभयो । बैठकमा नेकपा (एमाले) का सांसद



भगवती न्यौपानेले धार्मिक सहिष्णुतामा खलल पुग्ने गतिविधि सञ्चालन गराउने समूहदेखि सचेत बन्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "जातीय सद्भावमा खलल पुग्ने गरी जे गतिविधि भइरहेका छन्, त्यो अत्यन्तै दुःखद् छ ।" सांसद न्यौपानेले सर्वोच्च अदालतको फैसलाका बाबजुत कोशी प्रदेशमा गठबन्धनले संविधान मिच्ने काम दोहोऱ्याएको आरोप लगाउनुभयो ।

नेपाली कांग्रेसका सांसद युवराज शर्माले पहिचान र जातीय मुद्दालाई गलत दिशा दिने तत्व सलबलाएको बताउनुभयो । बैठकमा उहाँले देशको अर्थतन्त्रको सुधारका लागि सुझाव दिँदै कृषि, उद्योग, व्यापारलगायत क्षेत्रमा उत्पादन वृद्धि दोब्बर गर्ने नीति अवलम्बन गर्नुपर्ने बताउनुभयो । जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले कोशी प्रदेशमा सामाजिक सद्भाव कायम राख्नुपर्नेमा जोड दिँदै भन्नुभयो, "घरभित्र आगो लगाउनु कुनै देशभक्ति हैन ।"

बैठकको विशेष समयमा सांसदहरुले प्राकृतिक प्रकोपबाट प्रभावितलाई राहत उपलब्ध गराउन, अवरुद्ध सडकमार्गको तत्काल मर्मत सुधार र स्वास्थ्य बीमाका विषयमा समेत सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

नेकपा (एमाले) का सांसद रामचन्द्र राईले प्रकोपबाट पीडितलाई राहत वितरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । "सुख्खा क्षेत्र, बाढी, पहिरो, डुबानलगायत प्राकृतिक प्रकोपबाट पीडितलाई यथाशीघ्र राहत उपलब्ध गराउन अनुरोध गर्दछु", उहाँले भन्नुभयो ।

सांसद राईले बढ्दो महँगीबाट प्रभावित नागरिकलाई राहत दिने योजनादेखि सडक दुर्घटना न्यूनीकरणकालागिसमेतजिम्मेवारबन्न ध्यानाकर्षण गराउनुभयो । उहाँले अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गराउन सबै स्थानीय तहलाई आग्रह गर्नुभयो । "वनपैदावर विकास समिति, सागरनाथ वन विकास परियोजना, रतुवामाई वन परियोजनाका कर्मचारीले एक वर्षदेखि तलबभत्ता पाएका छैनन्, त्यसतर्फ सरकारको ध्यान पुगोस्", सांसद राईले ध्यानाकर्षण गराउनुभयो ।

यस्तै एकीकृित समाजवादीका सांसद राजेन्द्रलक्ष्मी गैरेले स्वास्थ्य बीमा बोर्डबाट विभिन्न कारणले हटाइएको स्थानीय स्वास्थ्य संस्थालाई तत्काल पुनःविचार गर्न माग गर्नुभयो । उहाँले लुम्बिनीका आठ संस्था प्रभावित भएको भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

"सरकारले भनेअनुसार गरेन भन्ने होला, स्थानीय संस्थाले समयमा भुक्तानी नपाउँदा समस्या होला तर आमनेपालीलाई स्वास्थ्य बीमाको हकबाट विमुख गर्न पाइँदैन", उहाँले भन्नुभयो, "लुम्बिनी मेडिकल कलेज र युनाइटेड मिसन अस्पताललाई सूचीबाट हटाउँदा पाल्पा, स्याङ्जा, अर्घाखाँची, पर्वत, गुल्मी, दाङलगायतका बिरामी प्रभावित भएका छन ।"

नेकपा (एमाले)का सांसद सुमित्रा बिसीले कर्णाली प्रदेशमा हवाई र सडक यातायात प्रभावित हुँदा जनजीवनमा पर्न गएको असरबारे सदनलाई ध्यानाकर्षण गराउनुभयो । "हवाई यातायात बन्द भएको धेरै भयो र स्थलमार्गमा समेत सवारीसाधन प्रभावित हुँदा खाद्यान्न सङ्कटको जोखिम बढेको छ", उहाँले भन्नुभयो । उहाँले डङ्गु सङ्क्रमण नियन्त्रणप्रति र नर्सिङ अध्ययनका लागि स्वदेशमा व्यवस्थापनबारे सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसका सांसद नारायणदत्त मिश्रले लामो समयपछि सदनको अवरोध हटेको भन्दै सदन अवरोधप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँले सदन अवरोधको अभ्यासले लोकतन्त्र कमजोर हुनसक्ने बताउनुभयो ।

नेकपा (माओवादी केन्द्र)का सांसद महेशकुमार महराले सुदूरपश्चिम प्रदेशको नौ जिल्लामध्ये सात जिल्ला जोड्ने भीमदत्त राजमार्गको विकल्पमा जोड दिनुभयो । उहाँले अविरल वर्षाका कारण बुढीतोला र खानीडाँडाको सडक मर्मत भइरहेको जानकारी दिँदै त्यसको विकल्पका रुपमा रहेका अन्य सडकको मर्मत हुनुपर्ने बताउनुभयो । उहाँले सहज स्वास्थ्योपचारमा पहुँचको विषयबारे प्रश्न गर्नुभयो । काठमाडौँका सरकारी अस्पतालमा बिरामी भर्ना गर्न भनसुन गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# उत्पादनमा क्रान्तिकारी परिवर्तन नल्याएसम्म परिवर्तन सम्भव छैन : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कृषि उत्पादनमा क्रान्ति नभएसम्म परिवर्तन सम्भव नरहेको बताउनुभएको छ ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा हरियाली प्राकृतिक कृषि अभियानले आयोजना गरेको केन्द्रीय कार्यशाला गोष्ठीको उद्घाटनमा प्रधानमन्त्री दाहालले कृषि उत्पादनमा देखिने गरी परिवर्तन गर्नुपर्ने बताउनुभयो । कार्यशाला गोष्ठीमा ३४ जिल्लाबाट प्रतिनिधित्व रहेको आयोजकले जनाएको छ ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "हरित अभियानको अर्थपूर्ण र दीघर्कालीन रणनीतिक महत्व छ । उत्पादनमा क्रान्तिकारी परिवर्तन नल्याएसम्म देशमा परिवर्तन सम्भव छैन । माओवादी केन्द्रको पछिल्लो केन्द्रीय समिति बैठकले कृषि क्षेत्रमा क्रान्ति ल्याउने अभियानका रुपमा यो अभियानलाई सुरु गरिएको हो ।"

सो अवसरमा हरियाली प्राकृतिक कृषि अभियान चलाउन अभियान सफल बनाउन लाग्ने सबैलाई प्रधानमन्त्री दाहालले धन्यवाद दिनुभयो । उत्पादनमा क्रान्तिकारी परिवर्तन नल्याएसम्म परिवर्तन असम्भव रहेको उल्लेख गर्दै उहाँले आफ्नो भारत भ्रमणमा जाँदा यस विषयमा सहकार्य गर्नेबारे छलफल भएको समेत जानकारी दिनुभयो ।

प्राकृतिक कृषिका बारेमा छलफल गर्न भारतले गरेको हरित कृषि र तथा त्यस्ता




अध्ययनका लागि नेपालमा कृषिमा काम गरेका कृषकलाई भ्रमणमा पठाउने र अनुभव साटासाट गर्ने गरी सरकार लागेको बताउनुभयो ।

सो अवसरमा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले हरित कृषि अभियानलाई देशव्यापी रुपमा लैजान पार्टीले विशेष पहलकदमी लिने बताउनुभयो । कार्यक्रममा माओवादी केन्द्रका नेता डिलाराम आचार्य, दीनानाथ शर्मा, झक्कुप्रसाद सुवेदीलगायतले अभियानको आवश्यकता र महत्वका बारेमा जानकारी गराउनुभएको थियो ।

**सरकारका कामलाई जनतामा स्थापित गरौं: प्रधानमन्त्री**

प्रधानमन्त्री दाहालले पछिल्लो समय सरकारले गरेको कामबाट एकथरी व्यक्तिहरू विक्षिप्त भएको बताउनुभएको छ । प्रधानमन्त्री प्रचण्डले सरकारले गरेका राम्रा कामबाट केही व्यक्ति अत्तालिएकाले पार्टी सरकार र गठबन्धनविरुद्ध भ्रम छर्दै हिँडेको दाबी गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र) निकट नेपाल बुद्धिजीवी सङ्गठनको तेस्रो पूर्ण बैठकलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्रीले सरकारका काम कारबाहीलाई प्रभावकार ीरुपमा अगाडि बढाउन आग्रह गर्नुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "पछिल्लो समय सरकारले गरेका कामबाट एकथरी व्यक्ति विक्षिप्त भएका छन् । उनीहरूले माओवादी केन्द्र, सरकार र गठबन्धनविरुद्ध भ्रम छर्दै हिँडेका छन् । त्यसलाई चिर्न बुद्धिजीवी सङ्गठनले भूमिका खेल्नुपर्छ ।" प्रधानमन्त्रीले बुद्धिजीवी समाज सुधारक र अगुवा भएकाले सरकारले गरेका कामकारबाहीलाई जनताका बीचमा लैजान र सकारात्मक प्रचार गर्नसमेत आग्रह गर्नुभयो ।

साथै क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका केन्द्रीय सदस्य एवं दाङ जिल्ला संयोजक वीरेन्द्र विक नेकपा (माओवादी केन्द्र)मा समाहित हुनुभएको छ । उहाँलाई एक कार्यक्रमकाबीच पार्टी अध्यक्ष प्रचण्डले पार्टीमा समाहित गराउनुभएको हो ।

अध्यक्ष प्रचण्डसँगै उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटा, उपाध्यक्ष पम्फा भुसाल, स्थायी समिति सदस्य रेखा शर्मा, केन्द्रीय समिति सदस्य हेमराज शर्मा लगायतले विकलाई खादा र अबिर लगाएर स्वागत गर्नुभएको थियो ।

सो क्रममा अध्यक्ष प्रचण्डले पार्टीमा स्वागत गर्दै उचित जिम्मेवारी दिने बताउनुभयो । विगतमा सँगै रहेका केही कमरेडहरु अहिले फरक धारमा रहे पनि अबको समाजवादी क्रान्तिमा एक भएर अघि बढ्नुपर्ने उहाँले बताउनुभयो ।

जनयुद्धकालमा समर्थकको भूमिकामा रही विसं २०६२ देखि राजनीतिमा लागेका विक क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालनिकट युवा जनस्वयंसेवक नेपालको वरिष्ठ केन्द्रीय उपाध्यक्ष पनि रहनुभएको छ । गत वैशाखमा क्रान्तिकारी माओवादी र नेकपा बहुमतबीच एकता हुँदा विक नेकपा बहुमतकोतर्फबाट ३१ जिल्ला सदस्यसहित नेतृत्व गर्दै एकतापछि जिल्ला संयोजक बन्नुभएको थियो । रासस

# माओवादी केन्द्रद्वारा आइसिटी फोरमको गठन

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)ले आइसिटी फोरम गठन गरेको छ । आइतबार पार्टी कार्यालय पेरिसडाँडामा प्रधानमन्त्रीसमेत रहनुभएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले रिमोट थिचेर आइसिटी फोरमको विधान खोलेर उद्घाटन गर्नुभयो ।

अध्यक्ष प्रचण्डले पछिल्लो समय हल्लाकै भरमा सङ्गठन बनाउने प्रवृत्ति देखिएको भन्दै सकारात्मक काममार्फत पार्टीलाई जनतामा स्थापित गर्ने उद्देश्यले फोरम गठन गरिएको बताउनुभयो । "यो सूचना प्रविधिको युग हो, यसको महत्व हामी सबैले बुझ्न जरुरी छ", उहाँले भन्नुभयो, "राजनीतिक दल सफल बनाउनका लागि पनि सूचना प्रविधिको प्रयोग अपरिहार्य बनेको छ ।"

पार्टीको पछिल्लो केन्द्रीय समिति बैठकको निर्णयअनुसार आइसिटी फोरम गठनको निर्णय भएको जानकारी दिनुहुँदै अध्यक्ष प्रचण्डले फोरम 'ग्रास रुट'सम्म विस्तार गर्न निर्देशन दिनुभयो । उहाँले समाजवादको आधार तय गर्नका लागि जनतासम्म पुग्ने गरी काम गर्न पनि निर्देश गर्नुभयो ।

"फोरमले पार्टीका नीति, विचार र कामलाई प्रचारप्रसार गरी जनतामाझ पुऱ्याउन सहयोग गर्नेछ", उहाँले भन्नुभयो, "फोरम गठनले हल्लाकै भरमा सङ्गठन बनाउने परम्परा तोड्दै विचार, सिद्धान्त र नीतिलाई जनतामा स्थापित गर्नेछ ।" पार्टीको तीन महिने अभियान सफल बनाउन सूचना प्रविधिको प्रयोगमा जोड नवगठित फोरमलाई निर्देशन दिनुभयो । सूचना प्रविधिलाई पार्टीले जुन किसिमको महत्व दिएको छ सोहीअनुरुप काम गर्न उहाँले आग्रह गर्नुभयो । कार्यक्रम संयोजक माओवादी केन्द्रका केन्द्रीय सदस्य गोविन्द आचार्य आइसिटी फोरमको केन्द्रीय तदर्थ समिति गठन गरिने समेत जानकारी दिनुभयो ।रासस


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/०५/११ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले बर्दिवास शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : सितामाई कृषि सहकारी संस्था लि.। रजिष्टर्ड ठेगाना : भंगहा-८सितापुर,महोतरी ।**
**हालको ठेगाना भंगहा-५,महोतरी दर्ता नं: १६३०-२०७१।०७२**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : अनिल कुमार सिंह (अध्यक्ष जमानीकर्ता)**
बुवा : अरुण कुमार सिंह
बाजे : मोती प्रसाद सिंह
ना प्र नं. : १२७२५०९१
ठेगाना : भंगहा-३,महोतरी

**२) नाम : श्रवण कुमार सिंह (उपाध्यक्ष जमानीकर्ता)**
बुवा : विनय कुमार सिंह
बाजे: शिव लाल सिंह
ना.प्र.नं : १८३०६१।१९७
ठेगाना : भंगहा-३,महोतरी

**३) नामः कैलाश साह तेली (सचिव जमानिकर्ता)**
बुवा : नन्टुन साह तेली
बाजे : दुलार साह
ना.प्र.नं : १२७२५००६
ठेगाना : भंगहा-८,महोतरी

**४) नाम : सन्जु कुमारी साह (कोषाध्यक्ष जमानिकर्ता)**
बुवा : मुसाफिर साह तेली
ससुरा : लाल विहारी साह
पति : रामदेव साह
ना.प्र.नं : १८-१-०६२-३६२
ठेगाना : भंगहा-९,महोतरी

**५) नाम : जय चन्द्र सिंह (संचालक जमानिकर्ता)**
बुवा : गोनी
बाजे : तिलक महतो
ना.प्र.नं : १८६२।२०४
ठेगाना : विष्णुपुर-४,सिरहा

**६) नाम : उमेश यादव (संचालक जमानिकर्ता)**
बुवा : झपसी यादव
बाजे : रामेश्वर यादव
ना.प्र.नं : १२७५५७९२
ठेगाना : भंगहा-८,महोतरी

**७) नाम : लाल वावु सिंह दनुवार (संचालक जमानिकर्ता)**
बुवा : धनपत दनुवार बाजे: हेम नारायण सिंह ना.प्र.नं : १८३०६१।३०४ ठेगाना : भंगहा-४,महोतरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री तिल्क महतो को नाति श्री गोनी को छोरा जिल्ला सिरहा गा.वि.स.विष्णुपुर वडा नं.४ बस्ने ६१ बर्ष को श्री जय चन्द्र सिँह को नाममा मालपोत कार्यालय बर्दिवास मा दर्ता श्रेस्ता कायम रहेको जिल्ला महोतरी गा.वि.स.भंगहा वडा नं.४क को कित्ता नं.५८४ को क्षेत्रफल ०-१-१९-० जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop


# सङ्घीय कानुन नबन्दा स्थानीय तहले काम गर्न सकेनन् : नेता सिंह

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सङ्घीय कानुन नबन्दा स्थानीय तहले पूर्णरुपमा काम गर्न नसकेको बताउनुभएको छ । नेपाल महिला सङ्घकी संस्थापक स्वर्गीय मङ्गलादेवी सिंहको २७औँ स्मृति दिवसका अवसरमा आइतबार शोभाभगवतीस्थित उहाँको सालिकमा माल्यार्पण गर्दै नेता सिंहले तीन तहको सरकारलाई सुचारुरुपमा सञ्चालन गर्न आवश्यक सङ्घीय कानुन बनाउन नसकेको बताउनुभयो ।

"सङ्घले आवश्यक कानुन निर्माण गर्ने हो भने स्थानीय तहले पूर्ण रुपमा आफ्ना काम, कारबाही अघि बढाउन सक्छन्," उहाँले भन्नुभयो । पछिल्लो सयम युवा देश छोडेर पलायन भइरहेकाले सरकारले उनीहरुलाई स्वदेशमै काम गरेर खाने वातावरण बनाउनुपर्ने नेता सिंहको भनाइ थियो ।



कोशी प्रदेशमा भइरहेको आन्दोलनबारे सिंहले नेपाल बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषी देश भएकाले कानुनभित्र बसेर सबै समस्याको समाधान गर्नुपर्ने बताउनुभयो । एकअर्काबीच हुने मनमुटावलाई सरकारले समाधान गरेर अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

नेता सिंहले नेपालमा राणा शासनको अन्त्य र प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउनका लागि स्व मङ्गलादेवी सिंहले महत्वपूर्ण भूमिका खेल्नुभएको बताउनुभयो । महिला हक, अधिकारको रक्षाका निम्ति स्व सिंहको महत्वपूर्ण योगदान रहेको उहाँले उल्लेख गर्नुभयो । "संविधानले महिलालाई जुन किसिमको अधिकार दिएको छ, त्यो सबै महिला आन्दोलनका कारण भएको हो", उहाँले भन्नुभयो ।

नेपाली कांग्रेस काठमाडौँका सभापति सबुज (कृष्ण) बानियाँले महिलाको हकअधिकारका लागि मात्र नभएर गणेशमान सिंहलाई सर्वोच्च नेता बनाउन मङ्गलादेवी सिंहको ठूलो भूमिका रहेको बताउनुभयो । कार्यक्रममा कांग्रेस ललितपुरका सभापति जीतेन्द्र श्रेष्ठ, कांग्रेसका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

को हुन् मङ्गलादेवी सिंह ?

नेपाल महिला सङ्घकी संस्थापक अध्यक्ष मङ्गलादेवी सिंहको जन्म विसं १९८१ मा काठमाडौँमा भएको थियो । विसं १९९७ असारमा उहाँको विवाह कांग्रेसका संस्थापक नेता एवम् लौहपुरुष गणेशमान सिंहसँग भएको थियो । विस १९९६ मा प्रजापरिषद् काण्डमा परी गणेशमान सिंहलाई जन्मकैद भएपछि श्रीमती सिंह जहाँनिया राणाशासन विरोधी आन्दोलनमा सक्रिय हुनुभएको थियो ।रासस

# वाग्नरका प्रमुख प्रिगोजिनको मृत्युको रूसी अनुसन्धानकर्ताद्वारा पुष्टि



**सिन्ह्वा**

मस्को । वाग्नर अर्धसैनिक समूहका प्रमुख येभगेनी प्रिगोजिनको बुधबार भएको विमान दुर्घटनामा परी मृत्यु भएको औपचारिक आनुवंशिक विश्लेषणबाट पुष्टि भएको रूसको अनुसन्धान समितिले आइतबार जनाएको छ।

छानबिन समितिका प्रवक्ता स्वेतलाना पेट्रेन्कोले भन्नुभयो,“टिवर क्षेत्रमा भएको विमान दुर्घटनाको अनुसन्धानको एक भाग आणविक-आनुवंशिक परीक्षण पूरा भएको छ । नतिजाअनुसार रूसी विमान दुर्घटनामा मृत्यु भएका १० जनाको पहिचान खुलेको छ । उनीहरू फ्लाइट लिस्टमा उल्लेखित सूचीसँग मिल्दोजुल्दो छन्,” उहाँले भन्नुभयो ।

दुर्घटनाग्रस्त एम्ब्रेयर प्राइभेट जेटमा रहेका अन्य नौ जनामध्ये वाग्नरको अपरेशनको व्यवस्थापन गर्ने र रुसी सैन्य गुप्तचर निकायमा काम गर्ने एक छायाँदार व्यक्ति दिमित्री उत्किन पनि हुनुहुन्थ्यो । वाग्नरले मस्कोको सैन्य नेतृत्वविरुद्ध विद्रोह गरेको ठीक दुई महिनापछि क्रेमलिनको संलग्नता रहेको हुनसक्ने अनुमान गरिएको छ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले शुक्रबार पत्रकारहरूका लागि घटनालाई ‘दुःखद’ भन्दै सम्भावित दुष्प्रचारको अफवाहलाई ‘सरासर झूट’ भन्नुभएको छ।

रूसी अधिकारीहरूले दुर्घटनापछि हवाई यातायात उल्लङ्घनको बारेमा अनुसन्धान सुरु गरेका छन् तर अन्यथा सम्भावित कारणको बारेमा विस्तृत विवरण सार्वजनिक गरेका छैनन् । रासस

# अष्ट्रेलियामा अमेरिकी सेनाको विमान दुर्घटना

**एएफपी**

सिड्नी । संयुक्त राज्य अमेरिकाको ओस्प्रे सैन्य विमान आइतवार युद्धअभ्यासका क्रममा अष्ट्रेलियाको उत्तरमा अवस्थित दुर्गम टापुमा दुर्घटना भएको छ । अष्ट्रेलियाको मुख्य भूमिबाट करिब ६० किलोमिटर उत्तरमा रहेको मेलभिल टापुमा दुर्घटना भएको हो।

दुर्घटनाग्रस्त स्थानमा खोज तथा उद्धारका साथै विमानमा सवार व्यक्तिहरूको सुरक्षा सुनिश्चित गर्नमा नै आफ्नो ध्यान केन्द्रित रहेको अष्ट्रेलियाको रक्षा मन्त्रालयले जनाएको छ। विमानमा अष्ट्रेलियाली सैनिक नरहेको स्पष्ट गर्दै मन्त्रालयले प्रारम्भिक चरणमा दुर्घटना प्रतिकार्यलाई प्राथमिकतामा राखिएको बताएको छ । स्थानीय सञ्चार माध्यमका अनुसार दुर्घटनाग्रस्त विमानमा चालक दलका सदस्यसहित अमेरिकी सुरक्षा निकायका २० जना सदस्य थिए । दुर्घटनामा घाइते भएका तीन जनालाई डार्विन अस्पताल लगिएको तथा एक जनाको अवस्था गम्भीर छ।

संयुक्त युद्धअभ्यासमा संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया इन्डोनेसिया र फिलिपिन्सका हजारौं सैनिकले भाग लिएका छन् । उत्तरी अष्ट्रेलिया पछिल्ला वर्षमा अमेरिकी सेनाका लागि महत्वपूर्ण रणनीतिक स्थान बनेको छ । एशिया-प्रशान्त क्षेत्रमा चीनको सामना गर्न अमेरिकाले उक्त स्थान सैन्य अभ्यासलाई प्राथमिकता दिएको हो।

# ‘भारतसँग मङ्गल र शुक्रग्रहमा पुग्ने सामर्थ्य छ’

**एएनआई**

तिरुवनन्तपुरम । भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) का अध्यक्ष एस सोमनाथले चन्द्रमा, मङ्गल र शुक्रग्रहको यात्रा गर्न भारत सक्षम रहेको बताउनुभएको छ।

तिरुवनन्तपुरममा पत्रकारहरूसँग शनिबार राति कुरा गर्दै उहाँले जुनसुकै ग्रहमा पुग्नसक्ने सामर्थ्य भारतको रहेको दाबी गनुर्भयमो । इसरोका वैज्ञानिकको आत्मविश्वास बढाउन आवश्यक भएको उल्लेख गर्दै उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्तुत गरेको लक्ष्य पूरा गर्न इसरो तयार रहेको बताउनुभयो । “हामीलाई थप लगानीको खाँचो छ, अन्तरिक्ष क्षेत्रको विकास गर्नुपर्छ र यसबाट सिङ्गो राष्ट्रको विकास गर्नुपर्छ, त्यो हाम्रो लक्ष्य हो,” इसरोले चन्द्रयान-३ परियोजना पर्याप्त लगानीका बाबजुद सफलतापूर्वक सम्पन्न गरेको सुनाउँदै उहाँले भन्नुभयो। यसअघि शनिबार नै प्रधानमन्त्री नरेन्द्र मोदी बेङ्गलुरुको इसरो मुख्यालयमा पुग्दा उहाँलाई हार्दिक स्वागत गरिएको थियो।

# विश्वको नम्बर एक टिमविरुद्ध खेलेर एसिया कपको सुरूवात गर्दै नेपाल

**टुडे समाचारदाता**



काठमाण्डुअफगानिस्तानविरूद्धको एकदिवसीय सिरिज ३-० ले जितेसँगै पाकिस्तान एकदिवसीय वरीयताको शीर्ष स्थानमा उक्लिएको छ। पाकिस्तानले अस्ट्रेलियालाई पछि पार्दै शीर्ष वरीयतामा उक्लिएको हो ।

पाकिस्तानका कप्तान बाबर अजाम एकदिवसीय ब्याट्सम्यानको वरीयतामा शीर्ष स्थानमा छन्। यस्तै ओपनर इमाम उल-हक वरीयताको तेस्रो स्थानमा छन्। विश्व वरीयताको शीर्ष स्थानमा रहेको तथा उत्कृष्ट तीन मध्ये दुई ब्याट्सम्यान रहेको पाकिस्तानसँग १५औं वरीयताको नेपालले बुधबार प्रतिस्पर्धा गर्दैछ।

एसिया कप २०२३ को उद्घाटन खेलमा पाकिस्तानसँग खेल्दा नेपालले इतिहास बनाउनेछ। नेपालले विश्वको शीर्ष वरीयताको टिमसँग पहिलो पटक खेल्नेछ। एसिया कपमा भिड्नुअघि अहिले नेपाल पाकिस्तानको कराँचीमा अन्तिम तयारी गरिरहेको छ। त्यहाँबाट घरेलु टिम पाकिस्तानसँगको खेलका लागि नेपाली टिम मुल्तान पुग्नेछ ।

एकदिवसीय फर्म्याटमा हुने एसिया कपमा नेपाल समूह ‘ए’ मा छ। समूहमा नेपालले पाकिस्तान र भारतसँग भिड्नेछ। एसिया कपको आयोजक पाकिस्तान भए पनि अधिकांश खेलहरू श्रीलंकामा हुँदैछन्। भारतले पाकिस्तानमा गएर खेल्न अस्वीकार गरेपछि खेल श्रीलंकामा हुन लागेका हुन्। एसिया कपको पहिलो पहिलो खेल अगस्ट ३० मा (भदौ १३) पाकिस्तानसँग खेलेपछि नेपाल समूह चरणको दोस्रो खेल खेल्न भने पाकिस्तानबाट श्रीलंका पुग्न पर्नेछ। नेपालले दोस्रो खेलमा भारतविरुद्ध सेप्टेम्बर ४ (भदौ १८) मा श्रीलंकामा खेल्नेछ ।

तीन-तीन टिमको समूहबाट शीर्ष दुई दुई टिम गरी चार टिमले सुपर फोर खेल्नेछन्। सुपर फोर पछि एसिया कपको फाइनल सेप्टेम्बर १७ (भदौ ३१) मा हुनेछ।

# पृतनापति ट्रफी तेघरीको देवीदल गणलाई

महेन्द्रनगर । नेपाली सेनाको सुदूरपश्चिम पृतना ट्रफी-२०८० को उपाधि कैलालीको तेघरीस्थित देवीदल गणले जितेको छ । यही भदौ २ गतेदेखि सञ्चालन भएको तेघरी ब्यारेकमा आइतबार आयोजित ट्रफी समापन समारोहमा सुदूरपश्चिम पृतनाका निमित्त पृतनापति सहायक रथी सुरत रावलले उपाधी तथा



उक्त ट्रफी प्रतियोगितामा बक्सिङ, फुटबल, बास्केटबल र पौडी विधामा देवीदल गणले उत्कृष्ट खेल प्रदर्शन गरेको थियो । यस्तै अछामस्थित गोरखबक्स गण द्वितीय तथा डोटीमा रहेको भैरवप्रसाद गण तृतीय भयो । गोरखबक्स गण भलिबल, एथ्लेटिक्स र तेक्वान्दो विधामा पहिलो स्थान हासिल गर्दै उपविजेता बन्यो।

कैलालीको धनगढीस्थित विजेता टोलीलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुभयो । प्रतियोगिता अन्तर्गत श्री नं २५ बाहिनी अड्डाले भलिबल, बक्सिङ र पौडी सञ्चालन गरेको थियो भने श्री नं ५ बाहिनी अड्डाले बास्केटबल, एथ्लेटिक्स, फुटबल, तेक्वान्दो लगायतका खेल सञ्चालन गरेको थियो।

प्रतियोगिताका पदक विजेता खेलाडीलाई सुदूरपश्चिम पृतनाका चिफ आफ स्टाफ सहायक रथी सुरत रावल, श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी मनोज थापालगायतले ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुभयो । ट्रफी अन्तर्गत श्री नं ५ र २५ बाहिनी अन्तर्गत विभिन्न गण तथा गुल्मको संयोजनमा भलिबल, फुटबल, पौडी, बक्सिङ, बास्केटबल लगायतका खेल खेलाइएका थिए।

समापन समारोहमा निमित्त पृतनापति रावल, श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी थापा, श्री नं ५ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी दिपेशजङ्ग शाहलगायत विभिन्न गण तथा गुल्मपति र सैनिक अधिकृतको सहभागिता रहेको थियो। नेपाली सेनाले खेलाडीमा सामुहिक भावनाको विकास गर्न तथा स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद तथा स्पोर्ट्स फर फ्रेन्डसिपका लागि बर्सेनि ट्रफी प्रतियोगिता आयोजना गर्दै आएको छ। रासस

# जातीय घृणाका कारण अमेरिकामा तीन जना अश्वेत मारिए

**एपी**

वासिङ्टन । जातीय घृणाले प्रेरित एक जना गोराले फ्लोरिडास्थित सहुलियत मूल्यमा उपभोग्य सामग्री बेच्ने पसलमा तीन जना अश्वेतलाई गोली हानेर हत्या गरेका छन् । प्रहरीसँगको झडपपछि उनले आफ्नो पनि ज्यान लिएको अधिकारीहरूले बताएका छन् ।

“आक्रमणकारीले कालो वर्णका मानिसहरूको समूहलाई निशाना बनाएका थिए । उसको परिवारका सदस्यले फेला पारेको घोषणापत्रमा पनि उनीहरूलाई मार्न उसले गरेको घृणित दृढनिश्चयको विवरण छ,” कानुन कार्यान्वयन कार्यालय ज्याक्सनभिलका प्रमुख टीके वाटर्सले २० वर्षीय आक्रमणकारीबारे जानकारी दिँदै बताए । विशेषतः अश्वेतहरू अध्ययन गर्ने राज्यको ऐतिहासिक एडवर्ड वाटर्स विश्वविद्यालय नजिक भएको उक्त घटनामा विश्वविद्यालयका कसैलाई हानी नभएको जनाइएको छ । आक्रमणकारी केही दिनअघि विश्वविद्यालय परिसरमा देखिएको थियो।

आक्रमणको अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार आक्रमणकारीको कुनै आपराधिक वा अन्य सङ्गठित संस्थासँग कुनै संलग्नता नरहेको प्रारम्भिक अनुसन्धानबाट पुष्टि भएको छ। अब केन्द्रीय जाँच ब्युरो (एफबिआई)ले घटनाको विस्तृत अनुसन्धान गर्नेछ। आक्रमाणकारी एक्लैले उक्त घटना गराएको हो ।

# युद्धअभ्यासमा अमेरिकी विमान दुर्घटना, तीन जना जल सैनिकको मृत्यु



**एएफपी**

डार्विन । संयुक्त राज्य अमेरिकाको ओस्प्रे सैन्य विमान आइतवार युद्धअभ्यासका क्रममा अष्ट्रेलियाको उत्तरमा अवस्थित दुर्गम टापुमा दुर्घटना हुँदा तीन जना जल सेनाका अधिकारीको मृत्यु भएको छ भने पाँच जनालाई गम्भीर अवस्थामा उद्धार गरी डार्विन अस्पतालमा भर्ना गरिएको छ।

अमेरिकी सैन्य अधिकारीहरूका अनुसार विमानमा २३ जना सैन्य कर्मचारी थिए । अष्ट्रेलियाली प्रहरी दुर्घटनास्थलमा चालक दलका सदस्य तथा बाँकी घाइतेको उद्धारमा सक्रिय रहेको जनाइएको छ । प्रधानमन्त्री एन्थोनी अल्बानीजले घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ । संयुक्त युद्धअभ्यासमा अमेरिका, अष्ट्रेलिया इन्डोनेसिया र फिलिपिन्सका हजारौं सैनिकले भाग लिएका छन्। उत्तरी अष्ट्रेलिया पछिल्ला वर्षमा अमेरिकी सेनाका लागि महत्वपूर्ण रणनीतिक स्थान बनेको छ। एशिया-प्रशान्त क्षेत्रमा चीनको सामना गर्न अमेरिकाले उक्त स्थान सैन्य अभ्यासलाई प्राथमिकता दिएको हो ।

ओस्प्रे विमानको इतिहास त्यति सुखद छैन। यो विमान समस्याग्रस्त रहेको उड्डयन क्षेत्रका जानकारहरू बताउँछन् । हेलिकप्टरको टिल्ट-रोटर र विमानको टर्बोप्रप अर्थात् दुईवटा घुम्ने इन्जिन पनि भएको र विमानका झै पखेटायुक्त द्रुत गतिमा उड्ने ओस्प्रे गत वर्ष नर्वेमा नेटो प्रशिक्षण अभ्यासका क्रममा दुर्घटना हुँदा जल सेनाका चार जना अमेरिकी अधिकारीले ज्यान गुमाएका थिए।

सन् २०१७ मा अष्ट्रेलियाको उत्तरी तटीय समुद्रमा अवतरण गर्ने क्रममा तीन जना र एरिजोना राज्यमा अभ्यासको क्रममा ओस्प्रे दुर्घटना हुँदा १९ जना मरिन कर्प्सका अधिकारीको प्राणान्त भएको थियो। ओस्प्रे विमान साधारण हेलिकप्टरभन्दा द्रुत गतिमा उड्नसक्छभने सोझै विमानस्थलमा नदौडाइ सोझै उडाउन र अवतरण गर्नसकिन्छ।

# सडक दुर्घटनामा सात जनाको मृत्यु, एघार घाइते

**सिन्ह्वा**


इस्लामाबाद । उत्तरपश्चिम पाकिस्तानमा भ्यान दुर्घटना हुँदा सात जनाको मृत्यु भएको छभने ११ जना घाइते भएका छन् ।

पाकिस्तानको उत्तरपश्चिमी खैबर पाख्तुनख्वा प्रान्तको मानसेरा जिल्लामा यात्री बोकेको एउटा भ्यान दुर्घटना हुँदा कम्तीमा सात जनाको मृत्यु हुनाका साथै अन्य ११ जना घाइते भएका उद्धार सेवाका एक जना अधिकारीले बताएका छन् । मानसेराको माड्ला क्षेत्रमा चालकले नियन्त्रण गुमाउँदा गाडी सडकबाट खसेर दुर्घटना हुँदा उक्त हताहती भएको हो।

दुर्घटनाको खबर प्राप्त हुनासाथ स्थानीयवासी र उद्धारकर्मी घटनास्थलमा पुगेका थिए। उनीहरूलाई तत्काल अस्पताल पुऱ्याइएको उद्धार सेवाले जनाएको छ।

# ओठमा चुम्बन गर्ने प्रशिक्षक निलम्बमा

**एपी**



जेनेभा । अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले स्पेन फुटबल महासङ्घका अध्यक्ष लुइस रुबियाल्सलाई निलम्बन गरेको छ । महिला विश्वकप फाइनलमा स्पेन विजयी भएपछि खेलाडी जेनी हर्मोसालाई ओठमा चुम्बन गरेका उनलाई ९० दिनका लागि निलम्बन गरिएको हो । फिफा अनुशासन समितिले प्रशिक्षक रुबियाल्सलाई उनको आचरणलाई लिएर अनुसन्धान पनि गरिरहेको छ।

चार दिनअघि अष्ट्रेलियाको सिड्नीमा भएको फाइनल खेलमा स्पेनले इङ्गल्याण्डलाई १-० गोलले पराजित गरेको थियो । प्रशिक्षक रुबियालेसले चुम्बन गरेको दृश्य सामाजिक सञ्जालमा भाइरह भएपछि उनले क्षमा याचना गरेका थिए। यद्यपि उनले सहमतिमा चुम्बन गरेको बताएका छन् । खेलाडी जेनीले त्यसको प्रतिवाद गरेकी छन् । स्पेनको पहिलो महिला विश्वकप उपाधिको ठूलो उपलब्धिलाई चुम्बनले ओझेलमा पारेको छ।

खेलाडी जेनीसहित उनको टोलीका सदस्यले प्रशिक्षक रुबियाल्सलाई जिम्मेवारीबाट नहटाएसम्म खेल मैदानमा नफर्कने घोषणा गरेका छन् । महासङ्घमा उनीहरूले उजुरी पनि दायर गरेका छन्।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
१९८० साल चैत्र

स्वर्गारोहन
२०८० साल श्रावण ३२ गते

स्व. रामचन्द्र साह

श्री धर्म संस्था (रामस्वरुप साह रामसागर साह) को सभापति श्री रामचन्द्र साहज्यूको यही मिति २०८० साल श्रावण ३२ गते विहीबारका दिन साँझ ६:३० वजे ९५ वर्ष भइ स्वर्गवास हुनुभएकोले हामी सबैलाई अत्यन्त दु:खद् एवमं मर्माहत बनाएको छ। यस दु:खद् घडीमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। शोकको यो हृदयविदारक समयमा सम्पूर्ण शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना सहित हार्दिक समवेदना प्रकट गदर्छौं।

कार्य समिति
श्री धर्म संस्था (रामस्वरूप साह, रामसागर साह)
परिवार मिल्स एरिया जनकपुरधाम-१

हार्दिक श्रद्धाञ्जलि



स्व. रामचन्द्र साह

जनकपुरधाम उ.म.न..पा.-१४, मुजेलिया निवासी श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह) जनकपुरधामका सभापति समाजसेवी मेरो देवर राम चन्द्र साहको मिति २०८० साल श्रावण ३२ गते विहीबारका दिन स्वर्गारोहण भएकोमा हामी सपरिवार अति मर्माहत एवं शोकाकुल भएका छौं । मृत आत्माको चिर शान्तीको लागि जगत जननी माता जानकी जी सँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

राम रती देवी
भाउजु

भतिज/बुहारी
प्रभाकर प्रसाद साह/गायत्री प्रसाद साह
दिवाकर प्रसाद साह/रेणु प्रसाद साह
विद्याकर प्रसाद साह/आशा कुमारी साह

नाती/बुहारी
सुधाकर प्रसाद साह/ पुजा गुप्ता
शेखर प्रसाद साह/अंजु कुमारी नायक
मधुकर साह/नैन्सी साह

नाती/नातिनी
योगिता साह, कपिस प्रसाद साह,
जिशान्त प्रसाद साह,

पनाती/पनातिनी
आदविक साह, बेबी, लतिका कश्यप,
बेवी, वेवी, देवाँश साह, श्रेयाँश साह

भतिजी/ज्वाई
मिना साह/ई.यमुना प्रसाद साह

नातिनी
डा. श्वेता साह, सुजाता साह र
अस्मिता साह

नाती /बुहारी
अकुल प्रसाद साह/कल्पना साह

नातिनी/ज्वाई
किरण साह/हेम शंकर साह
ज्योती साह/विजय साह
पुर्णिमा साह/रोहित साह
स्वीटी साह/गौरव साह



बारीमा ड्रागन फ्रुट टिप्दै नीलकण्ठ नगरपालिका-१२ का छबीन्द्र नारायण श्रेष्ठ। विसं २०७८ मा करिब १० रोपनी पाखो बारीमा ८०० बिरुवा लगाएकोमा अहिले ४०० बिरुवाले फल दिन थालेको छ भने ड्रागन फल लिन घरमै आउनेहरुलाई प्रतिकिलो रु ५०० मा बिक्री गर्ने गरेको उहाँ बताउनुहुन्छ। *तस्बिर : रासस*

# आममानिसमा वित्तीय साक्षरता फैलाउन जरुरी छ : गभर्नर



काठमाण्डु । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले प्रविधिको विकाससँगै आम मानिसमा वित्तीय साक्षरता बढाउन जरुरी रहेको बताउनुभएको छ।

नेपाल टेलिभिजनबाट हरेक शुक्रबार साँझ ७:२५ बजे सञ्चालन हुने वित्तीय साक्षरता टेलिभिजन कार्यक्रम सुरुआत गर्दै गभर्नर अधिकारीले कम्प्युटर र मोबाइलमार्फत हुने भुक्तानी बढ्दै गएको अवस्थामा आम जनमानसमा पनि वित्तीय साक्षरता बढाउन आवश्यक रहेको धारणा राख्नुभयो।

"प्रविधिको विकाससँगै बैंक तथा वित्तीय क्षेत्रले नयाँ सेवा सुरुआत गरेका छन्, ती सेवा र विशेषताबारे आम जनमानसबीच जानकारी गराउनका लागि वित्तीय साक्षरता कार्यक्रमले सहयोग पुग्ने विश्वास नेपाल राष्ट्र बैंकले लिएको छ", उहाँले भन्नुभयो।

बैंक र व्यवसायीबीचको असमझदारी कम गर्न पनि यस्ता कार्यक्रम सहयोगी बन्ने उहाँको भनाइ छ। राष्ट्र बैंकले वित्तीय साक्षरतासम्बन्धी नयाँ मार्गनिर्देशन तयार गरेर अगाडि बढेको जानकारी दिनुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले वित्तीय साक्षरताको ज्ञान अभावका कारण बैंक तथा वित्तीय क्षेत्रलाई आम जनमानसले हेर्ने दृष्टिकोण नकारात्मक भएको बताउनुभयो। उहाँले वित्तीय क्षेत्रको बारेमा आम जनमानसलाई ज्ञान दिनसके देशको विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

अध्यक्ष ढकालले पछिल्लो समय रेमिट्यान्स बढ्नु, नेपालमा विदेशी पर्यटकको आगमन बढ्नु, बैंक तथा वित्तीय संस्थाले ब्याजदर घटाउँदै लैजानु अर्थतन्त्रका लागि सकारात्मक विषय भएको बताउनुभयो। नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनिल केसीले देशभर वित्तीय साक्षरता पुर्‍याउन सके बैंक र उद्योग क्षेत्रको विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। आम जनमानसलाई वित्तीय साक्षरता बारेमा जानकारी दिनु जरुरी रहेको उहाँको भनाइ थियो।

अध्यक्ष केसीले बैंक तथा वित्तीय क्षेत्रले वार्षिक रु ४० अर्ब राजश्व बुझाउने गरेको र झण्डै एक लाख जनतालाई रोजगार प्रदान गरेको जानकारी दिनुभयो। रासस

# एनसेलले जित्यो 'अर्गनाइजेशनल मार्केटिङ एक्सिलेन्स अवार्ड २०२३'

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेल आजियाटा लिमिटेडले शुक्रबार राजधानीमा आयोजित सातौं सेल्स समिट २०२३ मा प्रतिष्ठित अर्गनाइजेशनल मार्केटिङ एक्सिलेन्स अवार्ड २०२३ जित्न सफल छ। एनसेलको तर्फबाट एनसेलका सेल्स म्यानेजर अभय कुमार निधिले अर्गनाइजेसनल सेल्स एक्सिलेन्स अवार्ड २०२३ का निर्णायक मण्डलका सदस्य आशिष तिवारीबाट उक्त अवार्ड ग्रहण गरेका थिए। एनसेल मार्केटिङ डोमेन इन्स्टिच्युसनल क्याटेगोरी अन्तर्गत यो अवार्ड २०२३ बाट सम्मानित भएको हो।




एनसेलले जितेको अवार्डले कम्पनीले सेल्स तथा मार्केटिङ कार्यसम्पादनमा देखाएको निरन्तरको उत्कृष्टतालाई झल्काउँछ। यो अवार्ड कम्पनीले उत्कृष्ट बिक्री नतिजा प्राप्तिका लागि गरेका प्रयासहरु, बजारको परिवर्तनशील गतिशीलतालाई अनुकूलन गर्ने क्षमता र ग्राहकको अपेक्षा अनुसार निरन्तर गरेका कार्यहरुको सम्मान हो। "यो प्रतिष्ठित अवार्डबाट सम्मानित हुन पाउँदा हामी गौरवान्वित छौं। यो सम्मान हाम्रो सम्पूर्ण एनसेल टिमको कडा परिश्रम र समर्पणको प्रमाण हो। नवप्रवर्तन र ग्राहक सन्तुष्टिप्रतिको अटल प्रतिबद्धता हाम्रो सफलताको प्रमुख कडी हो," एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने। "हामी सेल्स र मार्केटिङको क्षेत्रमा उद्योगलाई प्रेरित गर्दै र इनोभेसनलाई बढावा दिदै ग्राहकहरूलाई उत्कृष्ट सेवा अनुभव प्रदान गर्न जारी राख्नेछौं।"

विभिन्न विधा अन्तर्गतका अवार्ड विजेताहरू निश्चित मापढण्ड भित्र रहि निर्धारण गरिएका थिए। एक सम्मानित अनुसन्धान फर्मसँगको सहकार्यमा स्वतन्त्र निर्णयक मण्डलले सेल्स र मार्केटिङ कार्यमा उत्कृष्टता र नवीनता देखाउने संस्थाहरूको पहिचान गर्न उनीहरुको विवरणहरुलाई ध्यानपूर्वक मूल्याङ्कन र विश्लेषण गरेको थियो।


शुक्रबारको अवार्ड समारोह ग्रोथ सेलर्स प्रा.लि.को स्वायत्त सहायक संस्था ग्रोथ लिडर सिप एकेडेमीले आयोजना गरेको सेल्स समिट २०२३ को एक प्रमुख कार्यक्रम थियो। सेल्स समिट ग्रोथ लिडरशिप एकेडेमीले वार्षिक रुपमा आयोजना गर्ने एक प्रमुख कार्यक्रम हो। यो नेटवर्किङ, नलेज एक्सचेन्ज, र बिक्रीमा उत्कृष्ट अभ्यासहरूको सम्मान गर्ने एक अनुपम प्लेटफर्म हो।रासस

# नौ वर्षमा थपियो तीन हजार एक सय सर्किट किलोमिटर प्रसारण लाइन

काठमाण्डु । बिजुलीको सहज प्रसारण तथा वितरणका लागि सरकारले प्रमुख प्राथमिकताका साथ प्रसारण लाइन निर्माण अगाडि बढाएको छ। आन्तरिक तथा बाह्य रुपमासमेत सहज बिजुली प्रवाहका लागि प्रसारण महासञ्जाल निर्माणमा सरकारले गरेको लगानीको प्रतिफलसमेत क्रमशः देखिन थालेको छ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रसारण लाइन निर्माणलाई महत्वका साथ अगाडि बढाएको जनाएको छ। कार्यान्वयन गर्ने निकायका रुपमा रहेको नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइन निर्माणलाई प्राथमिकतामा राखेको जनाएको छ। नेपालको विद्युत् प्रसारण प्रणालीमा विगत नौ वर्षमा तीन हजार एक सय १८ किलोमिटर सर्किट प्रसारण लाइन थपिएको प्राधिकरणको भनाइ छ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले प्रसारण लाइन निर्माणलाई तीव्रगतिमा अगाडि बढाउन र त्यसमा देखिएका समस्या समाधानका लागि प्रभावकारी रुपमा क्रियाशील हुन प्राधिकरण र सम्वद्ध निकायलाई निर्देशन दिनुभएको छ। लोडसेडिङको अन्त्यपछि विद्युतीकरण र उपभोक्तालाई पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिलाई उच्च प्राथमिकतामा राखी काम गरिरहेको प्राधिकरणले प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार र सुधारलाई व्यापक रुपमा अगाडि बढाएको छ।



प्राधिकरणले प्रसारण र आयोजना व्यवस्थापन निर्देशनालयमार्फत प्रसारण लाइन तथा सबस्टेसन आयोजना निर्माण गरिरहेको छ। विद्युत्गृहबाट उत्पादित विद्युत् ग्राहकको घरसम्म पुर्‍याउन प्रसारण तथा वितरण लाइन र सबस्टेसन आवश्यक पर्दछ।

विगत नौ वर्षमा ग्रीड सबस्टेसनको क्षमता आठ हजार आठ सय ६७ एमभिए पुगेको छ। नौ वर्षअघि अर्थात् आर्थिक वर्ष २०७१/७२ मा सबस्टेसनको क्षमता दुई हजार एक सय ३२ एमभिए मात्र रहेकोमा आव २०७९/८० मा आइपुग्दा सबस्टेसनको क्षमता छ हजार सात सय ३५ एमभिए बढेको हो।

आव २०७१/७२ मा ६६ र एक सय ३२ केभीबाट मात्र विद्युत् प्रसारण भइरहेकोमा अहिले ६६, १३२, २२० र ४०० केभी लाइन सञ्चालनमा छन्। आव २०७१/७२ मा दुई हजार छ सय २४ सर्किट किलोमिटर प्रसारण लाइनमा रहेकोमा हाल तीन हजार एक सय १८ सर्किट किलोमिटर थपिएर आव २०७९/८० मा पाँच हजार सात सय ४२ सर्किट किलोमिटर पुगेको छ।

आव २०७२/७३ सम्म ६६ र एक सय ३२ केभी लाइन मात्र प्रसारण लाइन रहेकोमा आव २०७३/७४बाट २२० र ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएका हुन्। अहिले प्रणालीमा ६६ र १३२ केभी प्रसारण लाइनको लम्बाइ क्रमश : पाँच सय १४ र तीन हजार नौ सय ७९ सर्किट किलोमिटर छ।

यसैगरी, दुई सय २० र चार सय केभी प्रसारण लाइनको लम्बाइ क्रमश : एक हजार एक सय एक र एक सय ४८ सर्किट किलोमिटर छ। आव २०७५/७६ मा सबैभन्दा बढी अर्थात छ सय छ सर्किट किलोमिटर प्रसारण लाइन थपिएको छ भने आव २०७४/७५ मा सबैभन्दा कम एक सय ४१ सर्किट किलोमिटर लाइन थपिएको छ। गत आवमा चार सय १३ किलोमिटर सर्किट किलोमिटर प्रसारण लाइन प्रणालीमा थपिएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राविधिक कारणले समय-समय विद्युत् गएको भन्ने उपभोक्ताको गुनासोलाई सम्बोधन गर्न तथा पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिका लागि विगतका वर्षबाट प्रणालीका पूर्वाधार संरचनाको सुधार र सुदृढीकरणलाई योजनावद्ध रुपमा अगाडि बढाएर कार्यान्वयन लगिएको बताउनुभयो।

कार्यकारी निर्देशक घिसिङले प्रसारण लाइनका आयोजना निर्माणमा मुख्य रुपमा स्थानीयवासीको अवरोध, जग्गा प्राप्ति र वन क्षेत्रको जग्गा उपभोग तथा रुख कटानमा समस्या रहेका र ती समस्यालाई समाधान गर्दै आयोजनाको काम भइरहेको उल्लेख गर्नुभयो।

"वन क्षेत्रको जग्गा उपभोग तथा रुख कटान स्वीकृतिका लागि एकातर्फ लामो समय लाग्ने गरेको छ भने अर्कोतर्फ ठूलो रकम सरकारकै अर्को निकायलाई क्षतिपूर्तिस्वरुप तिर्नुपर्ने अवस्था छ, यसले गर्दा आयोजनाको अवधि लम्बिने मात्र होइन हाम्रो उत्पादित विद्युत्को मूल्य महँगो हुँदै गइरहेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

"आगामी दश वर्षलाई देश विकास दशक घोषणा गरी वर्तमान ऐन कानुन व्यापक संशोधन वा प्रतिस्थापन गर्नुपर्ने टड्कारो आवश्यता देखिन्छ, वन क्षेत्रको जग्गा उपभोगलाई सहज बनाउन चालु आवको बजेटमार्फत घोषणा गरिएका कार्यक्रमलाई शीघ्र कार्यान्वयनमा लैजानु पर्छ", उहाँले अगाडि भन्नुभयो।

सन् २०५० सम्मको विद्युत् माग धान्ने गरी काठमाडौंलगायतका देशका प्रमुख सहरलाई ११ वटा 'क्लस्टर'मा विभाजन गरी प्रसारण तथा सबस्टेसन संरचनाको गुरुयोजना तयार पारिएको उल्लेख गर्दै घिसिङले यसका लागि स्रोत जुटाई क्रमिकरुपमा निर्माण अगाडि बढाइने बताउनुभयो। साथै, तराई/मधेसका दक्षिण क्षेत्रमा औद्योगिक तथा सहरी क्षेत्र विस्तारलाई ध्यान दिई हुलाकी राजमार्गको आसपासबाट ४००, २२० र १३२ केभी पूर्व-पश्चिम प्रसारण लाइन निर्माण प्रारम्भ गरिएको उहाँले उल्लेख गर्नुभयो।रासस

# सुनको मूल्य प्रतितोला रु एक लाख ११ हजार एक सय

काठमाण्डु । सुनचाँदी बजारमा आइतबार छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख ११ हजार एक सय निर्धारण गरिएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आइतबार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख १० हजार पाँच सय ५० तोकिएको छ। त्यस्तै आइतबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु १५ ले बढेर रु एक हजार चार सय ६५ तोकिएको महासङ्घले जनाएको छ।

अन्तर्राष्ट्रिय बजारमा आइतबार सुन प्रतिऔंस एक हजार नौ सय १४ डलर आसपास कारोबार भइरहेको छ। रासस

# सिद्धार्थ प्रिमियर इन्स्योरेन्सद्वारा डिजिटल बीमाको शुभारम्भ

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले विद्युतिय माध्यमवाट बीमालेख जारी गर्न तथा दाबी फर्छ्यौट गर्न SPIL-DIGI प्रणाली प्रचलनमा ल्याएको छ। सरल र सहजवीमा सेवा प्रदान गर्ने मुख्य उद्देश्यका साथ नेपाली बीमा जगतमा पहिलो पटक प्रचलन माल्याएको SPIL-DIGI को प्रयोगले बीमितहरुले सहज रुपमा अनलाइन वाटै वीमालेख खरिद गर्न सक्नेछन् भने निश्चित रकम सम्मको वीमादावी फर्छ्यौट गरी भुक्तानी समेत प्राप्त गर्न सक्ने छन्। नेपाल वीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवाल र सिद्धार्थ प्रिमियर इन्स्योरेन्सका अध्यक्ष सुरेशलाल श्रेष्ठद्वारा संयुक्त रुपमा एक समारोहका विच SPIL-DIGI प्रणालीको शुभारम्भ गरियो।

शुभारम्भ समारोहलाई सम्वोधन गर्दै अध्यक्ष सिलवालले कम्पनीको प्रयासलाई सराहनागर्दै यसलाईप्रभावकारी रुपमा सञ्चालनगर्न शुभकामना दिनुभयो। कम्पनीका अध्यक्ष श्रेष्ठले कम्पनीले



विद्युतिय माध्यमवाट प्रभावकारी वीमा सेवा प्रदानगर्न क्रियासिल रहेकोवताउनु भयो भने प्रमुख कार्यकारी अधिकृत बीरेन्द्र बैदवार क्षेत्रीले क्रमिक रुपमा वीमा सेवालाई प्रविधि युक्त वनाउने हाम्रो लक्ष्य अनुरुप यो पहिलो प्रयास भएको र यसलाई अझप्रभावकारी वनाउने तर्फ थप कृयासिल रहने प्रतिवद्धता व्यक्तगर्नु भयो।

SPIL-DIGI डिजिटल प्रणाली भएको हुँदा अनलाईन भुक्तानी मार्फत कम्पनीमा विमा शुल्क भुक्तानी गरी भौतिक रुपमा उपस्थिति विना विमालेख खरिद गर्न सकिनेछ। बीमितले निश्चित रकम सम्मको वीमा दावी फर्छ्यौट गरी भुक्तानी लिन र बीमादावीको अवस्थाको वारेमा जानकारी समेत लिन सक्नेछन्। यसवाट समय र लागत घट्न जाने र झन्झट रहित तरिकावाट वीमा सेवा लिन एवम् प्रदानगर्न सहयोग पुग्ने विश्वास गरिएको छ।


## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

**प्रकाशित सूचना मिति : २०८०/०४/११**

यस कार्यालयबाट मिति २०८०/०४/३० गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शुचना बमोजिम पर्नआएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमको दरभाउपत्र अधिक्तम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई यस कार्यालयका मिति २०८०/०५/१० गतेको निर्णयानुसार स्वीतको लागी छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| क्र. सं. | आय ठेक्का नं | विवरण | कबोल रकम (मु. अ. कर बाहेक) | सारभुत रुपमा प्रभावग्राही व्यक्तिको नाम र ठगाना |
|---|---|---|---|---|
| १ | ९/०८०/०८१ | मटही नेवतीया पोखरी | १०३०१००।- दश लाख तिस हजार एक सय मात्र। | श्रवण सहनी, सबैला न. पा. वडा नं. ७ |

प्रमुख प्रशासकीय अधिकृत

# गौर हत्याकाण्ड प्रकरणमा दोषीलाई कारबाहीको दायरामा ल्याइने छ : गृहमन्त्री



**अनिल तिवारी**

वीरगञ्ज । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले गौर हत्याकाण्ड प्रकरणमा पीडितसँग गरिएको सहमति अनुसार छानबिन गरी दोषीलाई कारबाही हुने बताएका छन ।

उनले पीडित पक्षसँग सरकारले गरेको ५ बुँदे सहमतिमा उल्लेख भए अनुसार घटनाका बेलामा परेका जाहेरी समेतको आधार बनाएर समग्र छानबिन गरी दोषी देखिएकालाई कारबाहीको दायरामा ल्याएर सम्बन्धित निकायले यो प्रकरणलाई निष्कर्षमा पुर्‍याइने बताए ।

रौतहटको गौरस्थित राइसमिलको चौरमा २०६३ साल चैत ७ गते तत्कालीन नेकपा माओवादी र तत्कालीन मधेशी जनअधिकार फोरम बीच भएको भिडन्तमा २७ जनाको मृत्यु भएको थियो । उक्त घटनामा संलग्नलाई कारबाहीको माग गर्दै आन्दोलनरत्त पीडित पक्ष र गृह मन्त्रालयबीच गत साउन २३ गते ५ बुँदे सहमति भएको थियो ।

प्रेस सेन्टर नेपाल पर्साले आइतबार वीरगन्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा गृहमन्त्री श्रेष्ठले जातीय तथा धार्मिक सहिष्णुता कायम राख्न सबैसँग आग्रह गरे ।

उनले धरानमा गौ हत्याको विषयलाई लिएर भइरहेको पछिल्लो घटनाक्रम बारे मुलुकमा धार्मिक सहिष्णुता बिथोल्ने छुट कसैलाई पनि नभएको बताए । उनले सामाजिक सद्भाव बिगार्ने र एकता भत्काउनेमाथि सरकारले संविधान तथा कानुन बमोजिम कारबाही गर्ने चेतावनी समेत दिए ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले नेपालको बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विशेषतायुक्त पहिचान भएकाले विविधतासहितको एकतालाई कायम राख्न सबैसँग आग्रह गरे । उनले अहिलेको सरकार मुख्यतः सुशासन, समृद्धि र सामाजिक न्याय स्थापित गर्न केन्द्रित रहेको बताए ।

उनले मिटरब्याजी विरुद्धको कानुन निर्माण, नक्कली भुटानी शरणार्थी प्रकरण संलग्नलाई कारबाही ललिता निवास र सुन तस्करी प्रकरणमा चलिरहेको अनुसन्धान लगायतका कामले नै सरकार सुशासनको दिशामा बढेको कुरा प्रष्ट भएको बताए ।

उनले भ्रष्टाचारको अन्त्य गरी मुलुकमा सुशासन कायम गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै सुन तस्करी र ललिता निवास जग्गा प्रकरणलाई अन्तिम निष्कर्षमा पुर्‍याई दोषीलाई कानुनी कठघरामा उभ्याउने दृढतासमेत व्यक्त गरे ।

गृहमन्त्री श्रेष्ठले गिरीबन्धु टि स्टेट प्रकरण बारे पनि अनुसन्धान गर्न सम्बन्धित निकायलाई निर्देशन दिइसकेको जानकारी दिए ।

# नदीमा आएको बाढीले सयौं परिवार विस्थापित

**टुडे समाचारदाता**

जनकपुरधाम । अविरल वर्षाका कारण विभिन्न नदीमा आएको बाढी बस्तीमा पस्दा सयभन्दा बढी परिवार विस्थापित भएका छन । वर्षाको पानीले जलमग्न बस्तीको जनजीवन कष्टकर भएको छ ।

लगातारको वर्षाले विभिन्न नदीमा आएको बाढीले सप्तरीको दर्जनौं बस्ती डुबानमा परेका छन । सप्तरीस्थित सप्तकोशी, बलानलगायत नदीको बाढी तिलाठी कोइलाडी, हनुमाननगर कङ्कालिनी, सुरुङ्गा नगरपालिकाको बस्तीमा पसेको छ ।

बलान नदीमा आएको बाढीले सुरुङ्गा नगरपालिका-८ को भण्डारा, माली टोल, चौधरी तथा दलित बस्तीका पाँच सयभन्दा बढी परिवार विस्थापित भएको नेपाली सेना भलुवाही गणका प्रमुख रमेश पाण्डेले जानकारी दिएका छन् ।

बाढीले विस्थापित परिवारका पाँच सय भन्दा बढी नागरिकलाई त्यहाँका विद्यालय, वडा कार्यालयलगायतका सुरक्षित स्थानमा सारिएको र वडा कार्यालयले बस्ने, खाने व्यवस्था मिलाएको सुरुङ्गा नगरपालिका वडा नं-८ का अध्यक्ष श्याम साहले बताए ।

बलान खोलाको बाँध कटान गरी बस्तीमा पसेको बाढीले करिब २५ घर पूर्ण रूपले भत्किएको छ भने ५४ वटा घरमा आंशिक क्षति पुगेको छ । त्यस परिवारलाई सुरक्षित बसोबास, राहत र त्रिपालको आवश्यकता रहेकोमा जिल्लास्थित रेडक्रस र अन्य निकायलाई गुहार लगाए पनि कतैबाट सहयोग नपाएको वडाध्यक्ष साहले बताए ।

बलानबिहुल गाउँपालिका वडा नं-४, बेल्ही, हनुमाननगर कङ्कालिनी नगरको जोगिनिया, तिलाठी कोइलाडी पालिकाको डलवा, सकरपुरा, नदी तटीय क्षेत्रका दलित बस्तीमासमेत बाढी पसेको छ । सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाका अनुसार विभिन्न भूभागमा आएको बाढी, बस्ती डुबानले तत्कालै ठुलो जनधनको क्षति नभए पनि बालबालिका, गर्भवती तथा सुत्केरी महिला, वृद्धवृद्धा र त्यस्ता



जोखिमयुक्त बस्तीहरूको उद्धारमा प्रहरी प्रशासन तयारी अवस्थामा रहेको छ ।

"जोखिमको सम्भावनालाई मध्यनजर गरी अहिलेको ऐन अनुसार स्थानीय सरकार, रेडक्रस, सेना, प्रहरी र स्थानीय प्रशासन सबै सहकार्य गरी रेस्क्यु टिम, राहत कोष दुरुस्त अवस्थामा रहेको उनले जानकारी दिए ।

बलानबिहुल गाउँपालिका वडा नं.-४ स्थित बलान खोलामा नयाँ बनाएको तटबन्ध कटान गरी खेतबारीसहित सशस्त्र बेस क्याम्प डुबानमा परेको छ ।

अविरल वर्षाले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको विभिन्न वडामा बाढीको पानी पसेको विपत् व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिए । खाँडो खोला र जिता नदीको बाढीका कारण वडा नं. १, २, ४ र ५ स्थित बस्तीमा पानी पसेको उनले बताए ।

त्यस्तै, दुई दिनदेखि परेको अविरल वर्षाले सिरहाको पूर्वी सिमानाको बलान तथा पश्चिमी सिमानाको कमला नदीको बहाव उच्च भएको छ ।

बलान नदीमा दुई दिनदेखि आएको बाढीले विस्तारै बस्तीनजिकका तटबन्ध भत्काउन थालेको छ । बलान नदीमा बढेको पानीले लहान नगरपालिका-२३ करैयास्थित बलान नदीको तटबन्ध भत्काउन लागेको छ । सो स्थानमा जिल्ला विपत् व्यवस्थापनको टोली पुगेर तत्काल उद्धारको प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्बूले जानकारी दिए ।

अविरल वर्षाको पानीले पूर्वपश्चिम लोकमार्गको गोलबजार र धनगढीको निर्माणाधीन सडकमा क्षति पु-याएपछि प्रहरीको सक्रियतामा लोकमार्गमा आवतजावत गर्ने सवारीसाधनका लागि डाइभर्सन सडकको व्यवस्था गरिएको छ । वर्षाको बाढीले बलान र कमला नदीलगायत जिल्लाभित्रका अन्य खोलामा पानीको बहाव निरन्तर बढ्न सक्ने भएकोले तटीय क्षेत्र र डुबान भइरहने होचो भूभाग रहनेहरूलाई उच्च सतर्कता अपनाउन जिल्ला विपत् व्यवस्थापन समितिले सार्वजनिक सूचना जारी गरेको छ ।

अविरल वर्षाका कारण रौतहट जिल्लाको जनजीवन प्रभावित भएको छ । वर्षाले गर्दा बाटोमा हिलो तथा खाल्डोमा पानी जमेका कारण ग्रामीण भेगमा चल्ने सवारीका साधन प्रभावित हुँदा सर्वसाधारण जनता मारमा परेका छन ।

वर्षाले रौतहटको मुख्य सडकदेखि लिएर ग्रामीण सडक हिलाम्मे भएकाले स्थानीयवासीलाई आवतजावतमा कठिनाइ उत्पन्न भएको छ ।

ग्रामीण भेगका सडक वर्षाको पानीले हिलो तथा ठाउँठाउँमा पानी जम्नाले पैदल यात्रु, साइकल तथा मोटरसाइकल यात्रुलाई आवतजावतमा निकै नै कठिनाइ भोग्नुपरेको छ । सडक डिभिजन कार्यालय, सहरी विकास कार्यालय तथा स्थानीय तहको बजेटमार्फत बर्सेनि सडक निर्माण तथा मर्मतको नाममा लाखौं रकम खर्च भए पनि वर्षयाममा सडकको अवस्था जीर्ण हुनाले स्थानीयवासीले समस्या झेल्दै आइरहेका छन ।

झाँझ नदीको पानी सतह बढेसँगै आएको बाढीले दुर्गाभगवती गाउँपालिकाको पचरुखी, बडहर्वा, मत्सरी यमुनामाई गाउँपालिकाको सरुअठा तथा राजदेवी नगरपालिकाको पथराको धानबाली डुबानमा परेपछि समस्या उत्पन्न भएको छ ।

वर्षाले बागमती, लालबकैया, झाँझ र चाँदी खोलामा पानीको बहाव उच्च छ । यी नदीमा आउने बाढीबाट उत्पन्न हुने सम्भावित खतराबाट जोगाउन स्थानीय प्रशासन सजग रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# आयोग खरीजीको लागि जनसंवाद यात्राको तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय एकता अभियानले भदौ २५ गतेदेखि सुरु गर्न लागेको 'मेची महाकाली जनसंवाद-यात्रा'का तयारी तीव्र रुपमा सुरु गरेको छ ।

तयारीकै क्रममा अभियान आवद्ध सरोकारवालाहरुको शनिवार र आइतवार जनकपुरमा बैठक वसेर अभियानका केन्द्रीय अध्यक्ष विनय यादव, सुरेश चौधरी, मनोज पासवान, ध्रुवनारायण साह, रामनारायण साह, संजीव झा र शिवनाथ साहलाई विभिन्न जिमेवारी तोकेको छ ।

विनय यादवको अध्यक्षतामा बसेको बैठकमा वरिष्ठ नेता बीपी यादव, संरक्षक सेवक सौरभनाथ महाराज, मधेश सम्पर्क समिति काठमाण्डुका संयोजक बिनोद सिंह, राष्ट्रिय विद्यार्थी परिषदका अध्यक्ष विवेक कुशवाहा, महासचिव पप्पू यादव, केन्द्रीय सदस्य देवेन्द्र ढुंगाना, मनोज पासवान, सुरेश चौधरी एमं मनीष पुर्बेले जन संवाद यात्राले देशमा नयाँ क्रान्ति ल्याउने विश्वास ब्यक्त गरेका थिए ।

अभियानका केन्द्रीय अध्यक्ष यादवले 'मुस्लिम आयोग खारेज गर वा हिन्दु, बौद्ध, किराँतलगायत अन्य धार्मिक आयोग गठन गर' लगायतका माग गर्दै मेची-काली यात्रा गर्न लागेको बताए ।



संघीय लोकतान्त्रिक हिन्दु गणतन्त्र नेपाल घोषणा गर, गाई र गोरुको हत्या गर्ने गराउनेलाई २० बर्षे जेल सजाय गर्ने कानून लागु गर ,हिन्दु धर्मालम्वीहरुलाई धर्म परिवर्तन गराउनेहरुलाई आजिवन जेल हाल, छुवाछुत र जातीय विभेद अन्त्य गर, घरेलु हिंसा गर्नेलाई जेल हाल, दाइजो लिने र दिने दुबैलाई जेल हाल, कृषकलाई मलखाद्य, उन्नत बीउ विजन र सिंचाईको निःशुल्क व्यवस्था गर, संघीय सांसद र प्रदेश सांसदहरुको भत्ता बाहेक सम्पूर्ण सुबिधा बन्द गर, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको भ्रष्टाचारको अनुसन्धान गर, राष्ट्रघाती सन्धि समझौता खारेज गर,चीनले मिचेको नेपाली भूमि फिर्ता गर, सुन लगायतको तस्करीमा संलग्न भएकाहरु उपर कारबाही गर, वैदेशिक रोजगनरीमा जानेका लागि फ्रि भिसा फ्रि टिकट पहुँचवाला मात्र हैन सर्वसाधारणको लागि लागु गर लगायतका माग अघि सारिएको छ ।

न्यायलयमा भएको राजनैतिक न्यायाधीश नियुक्ति खारेज गर,न्यायालयमा हुने भ्रष्टाचार र ढिलासुस्ती बन्द गर, नेपाल भारतको खुला सीमा नाकामा भारततिर रहेको हाट बजारमाथि नेपालका धेरै गाउँहरू निर्भर छन् । दैनिक उपभोग्य वस्तुको खरिदारी परम्परागत रूपमा चलि रहेको छ । यसमा नेपाल पुलिसले अनावश्यक दुःख दिने काम बन्द गर, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर लगाउतको माग सहितको यात्राको नारा रहने संयोजक यादवले बताए ।

यात्रामा सांस्कृतिक टोलीका साथै मुस्लिम आयोग किन खारेज वा हिन्दू बौद्ध, किरांत लगायत अन्य धार्मिक आयोग गठन गर विषयमा साहित्य, पर्चा, पोस्टर, स्टिकर इत्यादि हुने र यसबाट व्यापक जन जागरण गर्ने लक्ष्य रहेको अभियानीहरु बताउँछन ।

# नक्कली विद्यार्थी पक्राउ




**टुडे समाचारदाता**

सर्लाही । इलाका प्रहरी कार्यालय बरहथवाले सर्लाहीबाट स्ववियु सभापतिको स्थानमा परीक्षा दिइरहेको अवस्थामा नक्कली परीक्षार्थीलाई पक्राउ गरेको छ ।

स्नातक तहअन्तर्गत मानविकी शास्त्र विषयको परीक्षा दिइरहेको अवस्थामा आइतबार बरहथवा नगरपालिका-७ मा रहेको शुभ जनता बहुमुखी क्याम्पस परीक्षा सेन्टरबाट २० वर्षीय विष्णु कुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ ।

हरिवनमा रहेको चतुर्भुजेश्वर बहुमुखी क्याम्पसमा माओवादी निकट अनेरास्ववियु क्रान्तिकारीको तर्फबाट स्ववियु सभापतिमा निर्वाचित भएका प्रेमराज दहालको स्थानमा परीक्षा दिइरहेको अवस्थामा भेटेपछि प्रहरीले श्रेष्ठलाई पक्राउ गरेको जनाइएको छ ।

परीक्षार्थी सिम्बल नं. ६०२३२३३३८ भएका प्रेमराज दहालको परीक्षा दिइरहेको अवस्थामा हरिवन नगरपालिका वडा नं. १ का २० वर्षीय श्रेष्ठलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी लिलाराज लामिछानेले बताए ।

# बाँसको उपयोग बढाउनुपर्नेमा जोड

**टुडे समाचारदाता**

राजविराज। बाँसको उपयोगिता बढाउनुपर्ने सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिका १ जण्डोलमा आइतबार आयोजित एक कार्यक्रमका सहभागी बक्ताहरुले जोड दिएका छन् ।

ह्याविट्याट नेपालको सहयोगमा महुली सामुदायिक विकास केन्द्र बकधुवाद्वारा आयोजित उपचार गरिएको बाँसको उपयोगिता र बजार प्रवर्द्धन सम्बन्धी बहु सरोकारवालासंगको छलफलमा सहभागी बक्ताहरुले उक्त जोड दिएका छन ।

कार्यक्रममा बाँसको उपयोगबाट श्रोतको बचतसंगै थोरै लगानीमा सुरक्षित आवास निर्माण हुने भएकोले सबैले बाँस प्रयोगमा ल्याउनुपर्नेमा सहभागीहरुले जोड दिए ।

उनीहरुले बाँसको महत्व र विशेषता बारे बुझाउँदै यसको प्रयोगलाई विस्तार गर्नसके आर्थिक रुपान्तरणमा टेवा पुग्नुको साथै स्थानीय स्तरमा रोजगार प्रवर्द्धन गर्न सकिने बताए ।

बाँसको प्रयोगले भूकम्पसहितको विभिन्न खाले विपदको जोखिमबाट ढुक्क हुने बताउँदै वक्ताहरुले बाँस खेतीमा सरकारले लगानी गर्नुपर्ने आवश्यकता औंलाए ।



बाँस खेती अन्य खेतीभन्दा सजिलो र छिटो आम्दानी हुने भएकाले यसको संरक्षण गर्दै आवश्यकता र महत्व बारे जनचेतना जगाउने अभियान चलाउनुपर्ने उनीहरुको भनाइ थियो ।

बाँसको भविष्य राम्रो भएकोले व्यवसायिक बाँस खेती गर्न प्रोत्साहन गर्दै सरकारले बजारीकरणमा किसानहरुलाई सहयोग गर्नुपर्ने उनीहरुको जोड थियो ।

बाँसको उत्पादनले वन विनाशमा कमी आउनुकोसाथै जलवायु सन्तुलनमा टेवा पुग्ने भएकोले बाँसको प्रयोगलाई बढाउनु आवश्यक हुने सहभागीहरुको कथन थियो ।

महुली सामुदायिक विकास केन्द्र बकधुवाका अध्यक्ष श्यामकान्त चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा अग्नीसाईर कृष्णासवरन गाउँपालिका अध्यक्ष दिनानाथ चौधरी, नेपाल पत्रकार महासंघ प्रदेश परिषद सदस्य बृजमान तामाङ, कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादव, शम्भुनाथ नगरपालिका वडा नम्बर २ का अध्यक्ष दुर्गानन्द भगत, सव डिभिजन वन कार्यालय महुलीका बनरक्षक रामेश्वर साह, सप्तकोशी नगरपालिकाका ४ का कार्यबाहक वडा अध्यक्ष शिव नारायण बडही, सामुदायिक वन उपभोक्ता समितीका अध्यक्षहरु रामपुजन चौधरी, विन्देश्वर प्रसाद सिंहलगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीको मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दश समितिका सभापतिमा ११ जनाको उम्मेदवारी

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतका विभिन्न १० विषयगत समितिको सभापति पदको निर्वाचनका लागि उम्मेदवारी मनोनयन दर्ता भएको छ ।

समितिको सभापतिका लागि नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी) र जनमत पार्टीकातर्फबाट आइतबार उम्मेदवारी दर्ता भएको सुङ्घीय संसद् सचिवालयले जनाएको छ ।

दशमध्ये नौ समितिको सभापतिमा एकल उम्मेदवारी परेको छ भने उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको



सभापतिमा दुई जनाको उम्मेदवारी परेको छ । अर्थ समितिको सभापतिमा नेपाली कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जनता समाजवादीका राजकिशोर यादव, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा जनमतका अब्दुल खान र रास्वपाका गणेश पराजुलीको उम्मेदवारी परेको छ । साथै कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा माओवादी केन्द्रका विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा कांग्रेसका आरजु राणा देउवा, महिला तथा सामाजिक मामिला समितिको सभापतिमा किरणकुमार साह र राज्य व्यवस्था तथा सुशासन समितिमा रामहरि खतिवडाको उम्मेदवारी परेको छ ।

यस्तै पूर्वाधार विकास समितिको सभापतिमा राप्रपाका दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा एकीकृत समाजवादीका भानुभक्त जोशी र सार्वजनिक लेखा समितिको सभापतिमा एमालेका ऋषिकेश पोखरेलको उम्मेदवारी दर्ता भएको सचिवालयले जनाएको छ । प्रतिनिधिसभाको निर्वाचन भएको नौ महिनापछि मात्र संसदीय समितिको नेतृत्व चयन प्रक्रिया अघि बढेको हो । 'मिनी पार्लियामेन्ट'का रूपमा लिइने संसदीय समितिको नेतृत्व चयन हुन नसक्दा समितिको काम प्रभावकारी हुन सकेको थिएन ।

समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस् भनी कुनै अर्को एक सदस्यको समर्थनसहित आइतबार बिहान ११ देखि दिउँसो ४ बजेसम्म उम्मेदवारी मनोनयन प्रस्ताव दर्ता गराउन सक्ने गरी निर्वाचन कार्यक्रम प्रकाशित गरिएको सचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिनुभयो । हाल ज्येष्ठ सदस्यको अध्यक्षतामा समिति बैठक बस्दै आएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८